# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ५९ | काठमाडौं | बिहीबार, ०६ असार २०८१ | Prabhab National Daily | Thursday, June 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**बालबालिकाप्रति असल व्यवहार गरौं**

- बालबालिकालाई पर्याप्त समय दिऔं, उनिहरूको कुरा ध्यान दिएर सुनौं,
- उनीहरूलाईको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरूलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरूको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


संसद्मा बजेटमाथिको छलफल

## जवाफ दिने पालो मन्त्रीको



- मन्त्रालयगत बजेटमाथिको छलफल सकिएसँगै जवाफ दिँदै मन्त्रीहरु
- संसद्का आन्दोलनरत कर्मचारीले गरे 'ब्ल्याक आउट'
- भौतिक पूर्वाधार तथा यातायात र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको बजेट सबैभन्दा बढी आलोचित

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभामा विनियोजन विधेयकअन्तर्गत मन्त्रालयगत बजेटमाथिको छलफल सकिएसँगै सम्बन्धित मन्त्रालयका मन्त्रीले जवाफ दिन थालेका छन् । बुधबार स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले मन्त्रालयको विनियोजित बजेटमाथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिए ।

त्यसपछि सांसदहरूले पूरक प्रश्न सोध्न थालेका छन् । पूरक प्रश्नको पनि जवाफ दिएपछि मन्त्रालयगत बजेटलाई पारित गराइने संसद् सचिवालयले जनाएको छ । संसद् सचिवालयले बुधबारका लागि प्रकाशन गरेको सम्भावित कार्यसूचीमा वन तथा वातावरण, शिक्षा, विज्ञान तथा प्रविधिसहित आठवटा मन्त्रालयका मन्त्रीले यसअघि सांसदहरूले उठाएका प्रश्नहको जवाफ दिने उल्लेख थियो । तर, संसद् सचिवालयका कर्मचारीहरूको अवरोधका कारण मन्त्रीहरूले जवाफ दिन पाएनन् ।

आज बस्ने संसद् बैठकको सम्भावित कार्यसूचीमा उद्योग, वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था, कृषि तथा पशुपक्षीलगायत सातवटा मन्त्रालयका मन्त्रीले जवाफ दिने उल्लेख छ । मन्त्रालयगत बजेट विनियोजनलाई लिएर सर्वाधिक भौतिक पूर्वाधार तथा यातायात र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आलोचना भएको छ । भौतिकमन्त्री रघुवीर महासेठ छन् । महिलामन्त्री भगवती चौधरी छिन् । यी दुवै मन्त्री नेकपा एमालेका हुन् । मन्त्री महासेठले गृहजिल्ला धनुषा र एमाले अध्यक्ष केपी शर्मा ओलीको गृहजिल्ला झापामा बजेट केन्द्रित गरेको भन्दै संसद्मा चर्को आलोचना भयो ।

(क्रमशः पृष्ठ ३ मा)

### संसद्का कर्मचारी आन्दोलित

संघीय संसद्का कर्मचारीको आन्दोलनले बजेटमाथिको छलफल प्रभावित बनेको छ। प्रतिनिधिसभाको बुधबारको बैठकमा स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवले जवाफ दिएपछि लिएको पूरक प्रश्नको बेला आन्दोलित कर्मचारीले अवरोध खडा गरे। उनीहरूले पूरक प्रश्न सोधिरहेको बेला सदनको प्रत्यक्ष प्रसारण गर्ने क्यामरा सभामुख देवराज घिमिरेतिर मात्रै सोझ्याएका थिए । प्रश्न सोध्ने सांसदहरूलाई भने प्रत्यक्ष प्रसारणमा देखाइएको थिएन ।

(क्रमशः पृष्ठ ३ मा)

मानव बेचबिखनको नयाँ रूप

# चिनियाँको बेहुली बनाएर वेश्यावृत्तिमा !

- पाँच वर्षमा ग्रिनकार्ड मिल्ने र केटा धनी भएको भन्दै चिनियाँ नागरिकसँग अदालती विवाह गराएर चीनमा पुर्‍याइँदै
- चीनमा लगेर केही दिन राम्रो व्यवहार, त्यसपछि वेश्यावृत्तिमा
- लमी पक्राउ, चिनियाँ नागरिक पक्राउ पर्न बाँकी

■ जेबी योञ्जन

**काठमाडौं–** चरम गरिबीका कारण 'बबरमहल २८८'ले कक्षा १२ पास गरेपछि थप पढ्न पाइनन् । पढ्ने चाहना हुँदाहुँदै पढाइलाई बिट मारिन् । पढाइ टुंग्याए पनि बाँच्न त फेरि केही गर्नैपर्‍यो । यत्तिकैमा काठमाडौंको ठमेलस्थित एक क्याफेमा किचन सहायकको रूपमा उनले काम पाइन् । कमाइ ठिकै थियो । ठिकठाक दिनचार्य बित्दै थियो । प्रसंग २०७९ को चैततिरको हो । घरचाहिँ उनको नुवाकोट हो ।

उनको गाउँकै दिदी नाताकी हुन्, मनमाया घले । मनमायासँग उनको घरिघरि भेटघाट हुन्थ्यो । काम पर्दा फोनमा कुराकानी हुन्थ्यो । मनमायाले चिनियाँ नागरिकसँग बिहे विवाह गरेका हुन् । कतारमा गएका श्रीमान्सँग सम्पर्क विच्छेद भएपछि उनले महामारीको रूपमा कोभिड फैलिनुअघि चिनियाँ नागरिकसँग बिहे गरेकी हुन् । एक जना छोरी पनि चिनियाँ नागरिकपट्टी छ । उनै मनमायाले २०७९ को चैत पहिलो साता 'बबरमहल २८८' लाई फोन गरिन् र भनिन्, 'केटा चाइनिज हो । बिहे गर्नु ल । केटा राम्रो छ । हाम्रो गाउँको धेरैले चाइनिजसँग विवाह गरिसके ।'

मनमायाको प्रस्तावलाई सुरुमा 'बबरमहल २८८'ले अस्वीकारिन् । अझै पढेपछि जागिर खाएरमात्रै बिहे गर्ने भनिन् । उनले भनिनसक्दै मनमायाले भनिन्, 'बिहे गरेर गएको पाँच वर्षभित्र त ग्रिनकार्ड मिल्छ, केटा राम्रो धनी पनि छ, नेपाल आउने जाने गर्न मिल्छ ।'



केटा धनी भएको र नेपाल आउन जान मिल्छ भन्ने मनमायाको कुराले उनी प्रलोभित भइन् । कारण, उनी गरिब परिवारकी हुन् । तर, पनि बिहे गर्न उनी अनीर्णित रहिन् । मनमायाले एकपटक केटा हेर्नु, चित्त बुझेमात्र कुरा अगाडि बढाउँला भनिन् । त्यसका लागि ठमेलको नर्सिङचोकमा रहेको एक होटलमा बोलाइन् । उनी गइन् । त्यहाँ चिनियाँ नागरिक क्विङ ताई आएका रहेछन् । जुन बिहे गरेर लाने चिनियाँ नागरिक भने होइनन् । प्रहरी अनुसन्धानको क्रममा खुलेअनुसार उनी नेपाली युवतीहरूलाई चिनियाँ नागरिकसँग विवाह गराएजस्तो गरेर चीन पठाउँदै वेश्यावृत्तिमा लगाउने आपराधिक कृत्यको एजेन्ट हुन् ।

त्यसबेला 'बबरमहल २८८' लाई ताईबारे थाहै भएन । उनै एजेन्ट भन्ने खुलेका ताईले बिहे गर्ने भन्ने चिनियाँ नागरिक मिङ झोङक्वीलाई भोलि बोलाउने भने । त्यही दिन भने उनको आमालाई चाहिँ बोलाए । आमाले 'बबरमहल २८८' को फोटो मोबाइलले खिचेर गइन् । भोलिपल्ट आफ्नो छोराले मन पराएको भन्दै मनमायालाई खबर पठाइन् । मनमायाले 'बबरमहल २८८' लाई सोही खबर सुनाइन् । त्यसपछि ताईको नर्सिङचोक नजिकै रहेको एक कोठामा भेटघाट भयो ।

(क्रमशः पृष्ठ २ मा)

# भोलिदेखि मेलम्ची खानेपानी बन्द हुने

मेलम्ची खानेपानी आयोजना बन्द रहने अवधिसम्म बागमती सुधार आयोजनाअन्तर्गतको धाप ड्यामबाट पानी ल्याएर उपत्यकावासीलाई वितरण गरिने

**काठमाडौं–** मेलम्ची खानेपानी विकास समितिले बर्खायाममा मेलम्ची नदीमा पानीको बहाव बढ्दा बाढीको जोखिम बढ्न सक्ने भन्दै शुक्रबार (भोलि) देखि आयोजनाअन्तर्गत सुरुङको मूलद्वार बन्द गरिने जनाएको छ । बागमती प्रदेशमा मनसुन सक्रिय भइसकेकाले मेलम्ची नदीमा पानीको बहाव बढी हुँदा बाढीको खतराका साथै नदी धमिलिन सक्ने भन्दै सिन्धुपाल्चोकको अम्बाथानस्थित मेलम्ची खानेपानी आयोजनाको सुरुङको मूलद्वार बन्द सम्भावना रहेको समितिले जनाएको हो ।

योसँगै उपत्यकावासी यही शुक्रबार (भोलि) देखि मेलम्चीको खानेपानी प्रयोग गर्न पाउने छैनन् । मनसुन अवधिमा विपत्तिको जोखिम कायमै रहने भन्दै मनसुन कम भएमात्रै मेलम्चीको पानी उपत्यका पठाउन सुरु गर्नेगरी तयारी गरिएको खानेपानी विकास समितिका कार्यकारी निर्देशक रत्न लामिछाने बताए । मनसुनी जोखिम सकिएपछि मात्रै उपत्यकावासीले फेरि मेलम्चीको पानी उपभोग गर्न पाउने उनको भनाइ छ ।

मनसुनजन्य विपत्तिबाट मेलम्ची खानेपानी आयोजनाको हेर्डबक्समा हुन सक्ने सम्भावित क्षति न्यूनीकरणका लागि सरकारले वर्षा सुरु भएसँगै आयोजना बन्द गर्ने र वर्षा सकिएपछि खोल्ने गर्दै आइरहेको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालमा सरदर मनसुन जुन १३ मा भित्रिने गरेकामा यो पटक तीन दिन चाँडो भित्रिएको थियो । मनसुन अक्टोबर २ मा बाहिरने गर्दछ ।

समितिका कार्यकारी निर्देशक लामिछाने वर्षा हुन थालेसँगै नदीमा पानीको बहाव बढेकाले आयोजनालाई बाढीको जोखिमबाट बचाउन बन्द गर्नुपर्ने सम्भावना रहेको जानकारी दिए ।

(क्रमशः पृष्ठ २ मा)

### सहतमुनिको पानी सुक्दा आपूर्तिमा समस्या

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम रानाले उपत्यकामा जमिनमुनिको पानी, ढुंगेधारा, पोखरी, इनार सुक्दै गइरहेकाले खानेपानीको अभाव पनि बढिरहेको बताए । उपत्यकामा मेलम्ची आयोजनाले खानेपानीले आपूर्ति व्यवस्थापनका साथै जमिनमुनिको पानीको सतहसमेत बढाएको उनको भनाइ छ । बोर्डका अनुसार उपत्यकामा रहेका ८३७ ढुंगेधारामध्ये ११७ लोप भइसकेका छन् । सञ्चालनमा रहेका ७२० मध्ये ३२० सुकिसकेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

प्रधानमन्त्रीलाई गणतान्त्रिक मञ्चको ज्ञापनपत्र

# वैदेशिक रोजगार क्षेत्रको समस्या समाधान गर्न माग



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारका क्षेत्रको समस्या समाधानका लागि व्यवसायीहरूले प्रधानमन्त्री पुष्पकमल दाहाललाई आग्रह गरेका छन् । नेकपा माओवादी केन्द्रको भ्रातृ संगठन वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चमा आबद्ध व्यवसायीहरूले विभिन्न माग सम्बोधन गर्नुपर्ने भन्दै बुधबार प्रधानमन्त्री दाहालसमक्ष १० बुँदे मागसहितको ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्रमा स्वच्छ, मर्यादित एवं सुरक्षित वैदेशिक रोजगारीको पक्षमा आफूहरू रहेको उल्लेख गरिएको छ । व्यवसायी र कामदारविरुद्ध हुने ढिलासुस्ती, एकाधिकार तथा सबै प्रकारका सिण्डिकेट अन्त्य हुनुपर्ने माग गरिएको छ ।

वैदेशिक रोजगारीको क्षेत्रमा व्याप्त समस्या हल गर्न व्यवसायीहरूले निरन्तर माग गर्दै आइरहे पनि कुनै सुनुवाइ नभएको मञ्चले उल्लेख गरेको छ । वैदेशिक रोजगार क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै वैदेशिक रोजगारीमा जाने कामदारको हकहित संरक्षण, वैदेशिक रोजगारमा ऐनमा सुधार, बजार प्रवर्द्धन र लागत खर्चको आधारमा कामदार पठाउँदा लिने सेवा शुल्कमा समयानुकूल वृद्धि गर्नुपर्ने व्यवसायीहरूको माग छ ।

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा केही विषय समेटिए पनि त्यसपछि आएको बजेट वक्तव्यमा छिटफुटरूपमा मात्रै सम्बोधन हुँदा वैदेशिक रोजगार क्षेत्रले रोजगारी र रेमिटचान्समा पुर्‍याएको योगदानको सम्बोधन नभएकोप्रति मञ्चले प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएको छ । वार्षिक १०० जना कामदार नपठाए इजाजतपत्र नवीकरण नहुने व्यवस्था खारेज गर्न संसद्मा दर्ता गरिएको केही नेपाल ऐन

(क्रमशः पृष्ठ २ मा)

### नवनिर्वाचित कार्यसमितिलाई सम्मान

**काठमाडौं (प्रस)–** नेकपा एमालेको उद्योग व्यवसाय जिल्ला कमिटीअन्तर्गत वैदेशिक रोजगार विशेष इलाका कमिटीमा निर्वाचित पदाधिकारी र सदस्यहरूलाई बधाई ज्ञापन गरिएको छ । कमिटीको गत जेठ २६ गते सम्पन्न भएको जिल्ला अधिवेशनबाट निर्वाचितहरूलाई एक समारोहबीच बुधबार सम्मान गरिएको हो ।

बत्तीसपुतलीस्थित होटल इम्पेरियलमा भएको कार्यक्रमा एमाले केन्द्रीय कमिटी सदस्य तथा उद्योग व्यवसाय विशेष जिल्ला कमिटी इन्चार्ज बालिका गिरीले उनहरूलाई सम्मान गरेका हुन् । उद्योग व्यवसाय विशेष जिल्ला कमिटीका अध्यक्ष गोविन्दप्रसाद घिमिरे, उपाध्यक्ष माधव भट्टराई, सचिव राजेन्द्र भण्डारी, उपसचिव मनिषा सुब्बा नाल्बो, उपसचिव जीवन थापा मगर, लेखा समितिका अध्यक्ष लिलाबहादुर लामा तामाङलगायतलाई सम्मान गरिएको थियो । त्यसैगरी निर्वाचित सदस्यहरू भिमराज शर्मा शिवाकोटी, नरेश गेलाल, डिकबहादुर खत्री, सरिता घले, मिलन कट्टेल, सञ्जु गुरुङ, लोकमणि मेयाङ्बो लिम्बूलाई पनि सम्मान गरियो ।

कार्यक्रममा उपत्यका प्रदेश कमिटी सदस्य तथा उद्योग व्यवसाय विशेष जिल्ला कमिटी इन्चार्ज कृष्णकुमार अर्याल, उपत्यका प्रदेश कमिटी सदस्य तथा वैदेशिक रोजगार विशेष इलाका इन्चार्ज टंकबहादुर राउत, नेकपा एमाले केन्द्रीय खेलकुद विभाग सदस्य सुवर्ण श्रेष्ठलगायत उपस्थित थिए ।




**पृष्ठ १ बीट क्रमशः**

## चिनियाँको बेहुली...

त्यसक्रममा 'बबरमहल २८८'लाई बिहे गर्ने भन्ने चिनियाँ नागरिक मनपर्‍यो । अनि, मनमायाले बिहे दर्ता अदालतमा गर्नुपर्ने सुझाइन् । सोहीअनुसार काठमाडौं जिल्ला अदालतमा उनीहरूको विवाह दर्ता १३ चैत २०७९ मा भयो । नयाँ वर्ष अर्थात् १ वैशाख २०८० मा भने मनमाया घले, 'बबरमहल २८८' र मिङ झोङक्वी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि चीनको हेबाई प्रान्तको सियांदु जिल्लाको सियाङताई सहर पुगे । जहाँ मिङ झोङक्वीको घर हो । त्यहाँ पुगेपछि मनमायाले 'बबरमहल २८८'लाई छाडिन् र अर्कै सहर गइन् । यता घरमा १०/१२ दिनसम्म ठिकै थियो । अनि, मिङ झोङक्वीको व्यवहारमा परिवर्तन आयो । यतिसम्मकी, यता नेपालको नुवाकोटस्थित घरमा रहेका बुबाआमा र दाजुभाइसँग बोल्न दिन छाडे ।

घरबाहिर जाँदा ढोका थुनेर हिंड्न थाले । पीडित 'बबरमहल २८८' का अनुसार उनलाई खानसमेत नदिने, मोबाइल खोस्ने, लामो समय उत्तेजित औषधि सेवन गरेर चिमोट्दै, घाँटी पनि न्याक्दै दिनमा पाँच/छ पटक यौन सम्पर्क गर्न थाले । घरका अन्य सदस्यले पनि माया गरेनन् । केही दिनपछि त आफूलाई घर नजिकैको सानो झुपडीमा राखे । 'बबरमहल २८८' भन्छिन्, 'त्यहाँ पुरुषहरूसँग पैसा लिई वेश्यावृतिको काममा लगाए । त्यसबेला मैले इन्कार गर्दा जे भन्छु त्यही गर, नत्र यतै मारेर फालिदिन्छु भन्दै धम्क्याए । मलाई दिनको ८/१० जना केटासँग जबर्जस्ती यौन सम्पर्क राख्न लगाए ।

जीवनदेखि हार खाएर आत्महत्या गर्ने सोच बनाएँ । ब्लेडले बायाँ हात काटेँ । नेपाल पठाइदिनु भनेँ । तर, मनमाया घलेसँगै लाखमा खरिद गरेको हो, मैले जे भन्छु, तैँले मान्नुपर्छ भन्दै उल्टै यातना दिए ।' 'बबरमहल २८८' को फुपूकी छोरी राधिका तामाङ हुन् । उनको साथी सरिता तामाङ चीनमै थिइन् । एकदिन विशेषले मिङ झोङक्वी घरबाहिर गए । त्यही मौकामा सरितालाई फोन गरिन् र आफू पनि चीनमा रहेको तर दैनिक यातना दिँदै जबर्जस्ती वेश्यावृत्तिमा लगाएकोले उद्धार गरी नेपाल फिर्ता गरिदिन अनुरोध गरिन् ।

सरिताले चीनस्थित गैरआवासीय नेपाली संघ (एनआरएनए) र नेपाली दूतावासमा समन्वय गरी 'बबरमहल २८८' बस्ने घरमा प्रहरी पठाउन लगाए र अन्ततः उनको १ असार २०८० मा उद्धार भयो । करिब दुई महिनाको नरकीय जीवनबाट उनले मूक्ति पाइन् । गाउँले दिदी नै आपराधिक गिरोह बनिन् । त्यही भएर त गरिबीले पिल्सिएकी 'बबरमहल २८८'लाई पाँच लाखमा बिक्री गरिन् ।

यसपछि पीडितले किशोरीले उद्धार भएर नेपाल आएकै दिन मनमाया घले, क्विङ ताई र मिङ झोङक्वीविरुद्ध मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम हदैसम्मको कारबाही गरी क्षतिपूर्तिसमेत माग गर्दै मानव बेचविखन अनुसन्धान ब्युरो बबरमहलमा जाहेरी दिइन् । सोही जाहेरीका आाधरमा ब्युरोबाट खटिएको टोलीले पक्राउ गरेका मनमायाविरुद्ध मानव बेचविखन तथा ओसारपसारविरुद्धको कसुर गरेको भन्दै अधिकतम २० वर्ष कैद र दुई लाख रूपैयाँ सजायको माग दाबी गर्दै अदालतमा मुद्दा दायर भएको छ ।

■■■

## भोलिदेखि मेलम्ची...

'यसअघि खासै ठूलो वर्षा भएको थिएन । वर्षा नहुञ्जेल उपत्यकावासीलाई खानेपानीको उपलब्धता गराउन बन्द गरेनौं,' उनले भने, 'सिन्धुपाञ्चोकतिर मनसुनी वर्षा सुरु भएर मेलम्ची नदीमा पानीको बहाव बढेको छ । शुक्रबार आयोजना अवलोकनका लागि त्यसतर्फ जाँदै छौं । आयोजनालाई जोगाउन शुक्रबारदेखि नै बन्द गर्ने सम्भावना बढी छ ।'

बढी वर्षा भएमा मेलम्ची नदी धमिलो हुँदा आयोजनामा लेदो पस्न सक्ने खतराबाट जोगाउन बन्द गर्नुपर्ने बाध्यता आएको लामिछानेको भनाइ छ । 'परामर्शदाता र एसियाली विकास बैंकले (एडिबी)ले मनसुनजन्य विपत्तिबाट आयोजनामा पुग्न सक्ने सम्भावित क्षति कम गर्न मेलम्ची बन्द गर्नुपर्ने सुझाव दिएका छन् । आयोजना बन्द गर्दा बाढीबाट हुनसक्ने क्षति न्यूनीकरण गर्न सकिन्छ । उहाँहरूले आयोजना बन्द गर्न ढिलाइ भएको प्रतिक्रिया दिइरहनुभएको छ,' उनले भने, 'उपत्यकामा खानेपानीको अभाव देखेर जटिल अवस्था नआउञ्जेल आयोजना सञ्चालन गर्ने निर्णय गरेका थियौं ।'लामिछानेका अनुसार दैनिक १७ करोड लिटर पानी उपत्यकावासीलाई वितरण गरिने भनिएकामा हाल आयोजनाबाट दैनिक २० करोड लिटर हाराहारीमा पानी वितरण भइरहेको छ । उपभोक्तालाई खानेपानीको अभाव भइरहेको बेलामा तत्काल बन्द गर्नु उपयुक्त नरहेकाले निरन्तरता दिइएको उनको भनाइ छ ।

मेलम्ची खानेपानी आयोजनाको मुख्य हेडबक्समा पानी थिग्र्याउने संरचनाले सुरुङमा धमिलो पानी जान पाउँदैनथ्यो । समितिका अनुसार उक्त संरचना बिग्रिएकाले नदी धमिलिनेबित्तिकै आयोजना बन्द गनुपर्ने हुन्छ । कार्यकारी निर्देशक लामिछाने वर्षा बढ्न थालेको भन्दै योसँगै नदी धमिलिने खतरा बढिरहेकाले आयोजना बन्द गर्नुपर्ने बाध्यता रहेको स्पष्ट पारे ।

गत ३१ जेठ गते आयोजना बन्द गर्ने सरकारले निर्णय गरेको थियो । नेपालका मनसुन भित्रिए पनि पूर्वी भू-भागमा मात्रै सक्रिय भए पनि बागमतीमा ठूलो पानी नपरेपछि तत्कालका लागि आयोजना बन्द गर्न आवश्यक नरहेको भन्दै खुला राखिएको थियो । जल तथा मौसम विज्ञान विभागले यो वर्ष औसतभन्दा बढी पानी पर्ने प्रक्षेपण गरिरहेको छ । यसले बाढी पहिरोलगायत मनसुनजन्य घटनासमेत बढ्न सक्ने भन्दै समयमा सतर्कता अपनाउन विभागले सरोकार भएका सबैलाई सुझाव दिएको छ । मौसम पूर्वानुमान महाशाखाले आगामी दुई दिनसम्मको मौसम पूर्वानुमानसम्बन्धी प्रकाशित बुलेटिनअनुसार आज र भोलिसम्म बागमती प्रदेशमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

दुई वर्षअघि मेलम्ची खोलामा आएको बाढीसँगै आयोजनामा बाढी पस्दा करिब दुई अर्ब रूपैयाँबराबरको क्षति भएको गृह मन्त्रालयको तथ्यांकमा उल्लेख छ । गत साउन २८ र २९ गते बाढीले पुनः आयोजनाको संरचनामा क्षति पुगेको थियो । मनसुन सकिएपछि मेलम्ची खानेपानीको पुनःवितरण गरिने भनिएकामा गत माघ १ गतेदेखि मात्रै मेलम्चीको पानी उपत्यका पठाइएको थियो ।

### धाप ड्यामबाट दैनिक चार करोड लिटर पानी वितरण

मेलम्ची खानेपानी आयोजना बन्द रहने अवधिसम्म बागमती सुधार आयोजनाअन्तर्गतको धाप ड्यामबाट पानी ल्याएर उपत्यकावासीलाई वितरण गर्नेगरी अधिकार सम्पन्न बागमती सभ्यता-एकीकृत विकास समितिसँग सहमति भएको विकास समितिका कार्यकारी निर्देशक लामिछानेले जानकारी दिए ।

काठमाडौं उपत्यका खानेपानी लिमिडेटका प्रवक्ता प्रकाशकुमार राईले उपत्यकामा मेलम्चीको खानेपानी बन्द भएपछि खानेपानीको अभाव झन्झन् बढ्ने भन्दै खानेपानी आपूर्ति व्यवस्थापनलाई केही सहज गर्न धाप ड्यामबाट दैनिक चार करोड लिटर पानी ल्याउने सहमति भएको जानकारी दिए । 'मेलम्ची खानेपानीबाहेक विभिन्न स्थानबाट सुक्खा याममा नौ करोड लिटर पानी दैनिक उपभोक्तालाई वितरण गरिरहेका छौं । सो अवधिभर करिब ४० प्रतिशत भूमिगत पानीबाट आपूर्ति हुन्छ,' उनले भने, 'मेलम्चीको पानी बन्द भएपछि उपत्यकामा फेरि पानीको अभाव हुन सक्छ । मेलम्चीको विकल्पमा अन्य आयोजनाको खोजी गरी तत्काल कार्यान्वयन गरिनुपर्छ ।'

प्रवक्ता राईले काठमाडौंमा दैनिक ४३ करोड खाने पानीको माग रहेको जनाउँदै आवश्यकता र मागअनुसार पानी आपूर्ति गर्न नसकिएको बताए । उपत्यकामा बढ्दो जनसंख्यासँगै भूमिगत पानी, पोखरी, ढुंगेधारा सुक्दै जाँदा खानेपानीको अभाव बढिरहेको उनको भनाइ छ । *रासस*

■■■

## सहतमुनिको पानी...

'कतिपय ढुंगेधारालाई जीवित बनाउन पानीको स्रोत खन्नुपर्ने हुन्छ । यसरी स्रोत खन्दा भएका स्रोत पनि सक्ने वा हराउने जोखिम रहन्छ,' प्रवक्ता राईले भने ।भू-गर्भविद् डा. सुवोध ढकालले उपत्यका बढ्दो जनसंख्यासँगै जमिनमुनिको पानीको बढी आपूर्ति हुने, भौतिक पूर्वाधारको विकासका क्रममा सतहमुनि पानीको रिचार्ज नहुनेलगायत कारण सहतमुनिको पानी घट्दै गएको बताए । उनले भू-गर्भसम्बन्धी प्रभावकारी अध्ययन नभई मेलम्ची खानेपानी आयोजनाको डिजाइन तयार गरिएकाले यो समस्या आएको बताए ।

■■■

## वैदेशिक रोजगार...

संशोधन गर्न बनेको विधेयक समयमै पारित हुन नसक्दा आइपर्ने बाधा अड्काउ फुकाउन र व्यवसाय गर्न पाउने संवैधानिक हक सुनिश्चित गर्नुपर्ने ज्ञापनपत्रमा उल्लेख छ । यसैगरी अन्तर्राष्ट्रिय प्रचलन, नेपालका प्रतिस्पर्धी मुलुकहरूले वैदेशिक रोजगारीमा आफ्ना नागरिक पठाउँदाको व्यवस्था अध्ययन गरी बजार प्रवर्द्धन लागत यकीन गर्न र रोजगारदाताले कामदारको भर्ना शुल्क व्यहोर्नुपर्ने सैद्धान्तिक व्यवस्था भए पनि व्यावहारिकरूपमा न्यूनतम एक महिनाको तलबबराबर सेवा शुल्क लिन पाउने व्यवस्था गर्न माग गरिएको छ । व्यक्तिगत श्रम स्वीकृतिको नाममा भइरहेको बेथितिको छानबिन र जोखिमयुक्त रूपमा विदेश पठाउने कार्यलाई तत्काल बन्द गरी संस्थागतरूपमा पठाउने व्यवस्था मिलाउनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ ।

विभिन्न शैक्षिक परामर्श केन्द्रमार्फत आवासीय वा रोजगार भिसाका नाममा मानव तस्करी र चर्को आर्थिक अपचलन भई धेरै बेरोजगार नेपाली समस्यामा परेकाले त्यस प्रकारका गैरकानुनी कार्य तत्काल रोक्न पनि मञ्चले माग गरेको छ । युरोपको मागपत्र प्रमाणीकरण नहुँदा आकर्षक तलब सुविधा भएको ४० हजार संख्याको माग गुम्न नदिन तत्काल प्रमाणीकरणको व्यवस्था गर्न नेपाली दूतावास तथा नियोगहरूलाई तत्कालै निर्देशन दिन पनि मञ्चले प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएको छ ।

प्रधानमन्त्री दाहालले ज्ञापनपत्र बुझ्दै वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूको सहजीकरणमा कुनै कसुर नराख्ने बताएको मञ्चका महासचिव कुन्छादोर्जे डिम्दोङले जानकारी दिए । उनका अनुसार प्रधानमन्त्री दाहालले वैदेशिक रोजगार व्यवसायीले खेप्नुपरेको समस्या सम्बोधनका लागि श्रम मन्त्रालयसँग छलफल गरेर अघि बढ्ने बताए । त्यस्तै १०० कोटाका विषयमा पनि ऐन संशोधनको प्रक्रियामा गएकाले द्विविधामा नपरी ढुक्कसँग व्यवसाय गर्न भनेको उनले बताए । गणतान्त्रिक मञ्च माओवादी केन्द्रको भ्रातृ संगठन भएकाले व्यावसायिक एवं संस्थागतरूपमा भइरहेको गतिविधिप्रति पनि प्रधानमन्त्री दाहालले चासो राखेको दिम्दोङले बताए ।

व्यवसायीका जायज मागहरू सम्बोधन गर्न बारम्बार अनुरोध गर्दै आए पनि सुनुवाइ नभएका कारण पटक-पटक सरकारको ध्यानाकर्षण गराउनुपरेको महासचिव दिम्दोङले बताए । यसअघि पनि विभिन्न १० बुँदे माग राखेर मञ्चले प्रधानमन्त्री दाहाललाई ज्ञापनपत्र बुझाएको थियो । 'नेपालीहरूलाई स्वदेशमा नै रोजगारीको ग्यारेन्टी नहुँदा बाध्यतावश वैदेशिक रोजगारीमा जानुपर्ने भएकाले यस क्षेत्रमा देखिएका समस्या दीर्घकालीनरूपमा हल गर्नुपर्ने माग राख्दै प्रधानमन्त्री दाहाललाई भेटेका हौं,' महासचिव दिम्दोङले भने । नेपालका करिब ६० प्रतिशत घरधुरीले विप्रेषणको उपभोग गरिरहेको भन्दै दिम्दोङले कूल गार्हस्थ उत्पादनमा यसको योगदान करिब ३३ प्रतिशत रहेको बताए ।


**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CENTRAL ASIAN RESTAURANT TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति: २०८०/०६/१७ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०३/०५ | LT. No. 293483 | चलानी नं. ६०२०८६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1500 | ५३,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Tools Cleaner | 5 | 0 | 1200 | ४२,६०० | | | | | | | |
| 3 | Waiter | 5 | 0 | 1400 | ४९,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७२/०५६/५७

WORKFORCE SERVICES PVT. LTD.

Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914

Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MAMAS CHICKEN

पूर्व स्वीकृति मिति : २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०३/०५ | LT. No. 288180 | चलानी नं. ६०२०३६०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 2 | 0 | 1500 | ५४,८७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 0 | 1 | 1400 | ५१,२२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd. Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SHUMAIL SAIF TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति २०८१/०३/०४ | LT. No. 306658 | चलानी नं. ६०२२१४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 20 | 0 | 1200 | ४३,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता: रु.२,००२/- कामदार आफैले

सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

S.And S.Human Resource Pvt. Ltd.

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287

Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार ६ गते २०८१, बिही

| | |
|---|---|
| **मेष** | सहज ढंगले काम सक्ने प्रयास हुनेछ । |
| **वृष** | इच्छाएबमोजिम आफूलाई प्रस्तुत गरिनेछ । |
| **मिथुन** | शंकालु मनले आफैंलाई दुःख दिनेछ । |
| **कर्कट** | मिहीनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **सिंह** | समयअनुसार काममा ध्यान दिइनेछ । |
| **कन्या** | कुनै आर्थिक काममा संलग्न हुनुपर्ला । |
| **तुला** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| **वृश्चिक** | कुनै कुराले मनलाई प्रसन्नता दिलाउनेछ । |
| **धनु** | विभिन्न कुनै कुराले व्यस्त भइनेछ । |
| **मकर** | महिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| **कुम्भ** | शरीरमा थकानको मात्रा बढ्न सक्छ । |
| **मीन** | कुनै कुरामा पनि नहतारिनु उपयुक्त रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ०६ गते, २०८१, २० जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.४० | १३४.०० |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.०३ | १६९.७९ |
| स्विस फ्रैन्क | १ को | १४९.५२ | १५०.१९ |
| अस्ट्रेलियन डलर | १ को | ८८.०८ | ८८.४७ |
| क्यानाडियन डलर | १ को | ९७.०८ | ९७.५२ |
| सिँगापुर डलर | १ को | ९८.६१ | ९९.०६ |
| जापानी येन | १० को | ८.४६ | ८.५० |
| चिनियाँ युआन | १ को | १८.३८ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५५ | ३५.७१ |
| कतारी रियाल | १ को | ३६.५९ | ३६.७५ |
| थाई भाट | १ को | ३.६३ | ३.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३२ | ३६.४८ |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६६ | १२.७२ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३४.८३ | ४३६.७८ |
| बहराइन दिनार | १ को | ३५३.९३ | ३५५.५२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# सुदूरपश्चिममा डेंगी संक्रमित बढ्दै

**कञ्चनपुर (प्रस)–** लामखुट्टेको टोकाइबाट लाग्ने डेंगीको संक्रमण सुदूरपश्चिमका पहाडी जिल्लामा बढ्दै गएको छ। तराईका जिल्लामा अधिकांश देखिने मलेरिया, डेंगीलगायत रोगको संक्रमण पछिल्लो समय पहाडी जिल्लामा पनि बढ्दै गएको देखिएको छ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीले पहाडी जिल्लामा लामखुट्टे बढेसँगै पछिल्लो समय डेंगीको संक्रमण पनि बढ्दै गएको बताए। उनका अनुसार गत माघ यता सुदूरपश्चिममा १४० जनामा डेंगीको संक्रमण देखिएको छ। सबैभन्दा बढी डोटी जिल्लामा ४७ जना संक्रमित फेला परेका उनले जानकारी दिए।

निर्देशनालयको तथ्यांकअनुसार अछाममा २६, कञ्चनपुरमा २४, बाजुरामा १५, दार्चुलामा १०, कैलालीमा नौ, बझाङमा चार, डडेलधुरामा तीन र बैतडीमा दुईजनामा संक्रमण देखिएको छ। 'पानी पर्न थालेपछि तराईमा समेत संक्रमण



बढ्ने जोखिम रहन्छ,' जोशीले भने, 'अहिले तराईमा अत्यधिक गर्मीका कारण लामखुट्टे मरेका छन्। पानी परेर केही चिसो हुन थालेपछि संक्रमणको जोखिम बढ्ने छ।' उनले पछिल्ला केही वर्षयता सुदूरपश्चिमका पहाडीका साथै तराईका जिल्लामा एकैसाथ संक्रमण देखिन थालेको बताए।

डेंगी नियन्त्रणका लागि सुदूरपश्चिम प्रदेश सरकारले किट र औषधि व्यवस्थापन, चिकित्सकसहित स्वास्थ्यकर्मीको क्षमता विकास एवं प्रशिक्षणका साथै यहाँका अस्पतालहरूमा संक्रमति बिरामीका लागि छुट्टै वार्ड र शयचाको व्यवस्थापन गरेको निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत जोशीले जानकारी दिए। स्थानीय तहले लामखुट्टेको लार्भा भएका ठाउँको पहिचान गरी 'खोप र नष्ट गर' सञ्चालन गरिरहेका उनको भनाइ छ। निर्देशनालयका अनुसार सन् २०२३ मा सुदूरपश्चिममा एक हजार १९४ जनामा डेंगी संक्रमण देखिनाका साथै चारजनाको मृत्यु भएको थियो।

## पृष्ठ १ बीट क्रमशः

### जवाफ दिने..

मन्त्री चौधरीले पनि गृहजिल्ला सुनसरीमा महिला मन्त्रालयको बजेट खन्याएको भन्दै विरोध भयो। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले यी दुई मन्त्रालयको बजेट पुनर्लेखनको माग गरेको छ। बजेटले आर्थिक अनुशासन तोडेको टिप्पणी कांग्रेसको छ। सांसद प्रदीप पौडेलले प्रभावसँग भने, 'योजना छ, बजेट छैन। अनि, पुल बनाउन एक लाख विनियोजन गरिएको छ। यस्तो वाहियात हुन्छ बजेट ? आर्थिक अनुशासनहीन यस्तो बजेट कहिल्यै आएको थिएन। पुनर्लेखन गर्दा राम्रो।'

कांग्रेसले भोलि (शुक्रबार)का लागि पार्टी संसदीय दलको बैठक बोलाएको छ। अर्को प्रतिपक्षी दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले त भौतिक मन्त्रालयको बजेट पुस्तिका मंगलबार रोस्ट्रममै च्यातेका थिए। विपक्षी दलहरूसँगै सत्तामा रहेका दलका नेताहरूको पनि बजेटलाई लिएर असन्तुष्टि प्रकट भइरहेको छ। बजेट प्रभावशाली मन्त्री र नेताको चुनाव र गृहजिल्लामा मात्रै केन्द्रित गराइएको भन्दै सत्तारुढ दलकै सांसदहरूले विरोध जनाएका हुन्। तर, पनि यही १४ गते बजेट पारित गर्ने संसद्को कार्यसूची रहेको संसद्का महासचिव पदमप्रसाद पाण्डेयले जानकारी दिए। यद्यपि, संसद्का कर्मचारीहरूको आन्दोलनले कतै बजेट पारित गर्ने प्रक्रिया प्रभावित हुने आशंका बढेको छ।

### संसद्का कर्मचारी ...

आन्दोलित कर्मचारीले लामो समय सभामुख घिमिरेलाई मात्रै प्रत्यक्ष प्रसारणमा देखाएका थिए। यसलाई लिएर सांसदहरूले प्रश्न गरे। कांग्रेस सांसद रामहरि खतिवडाले कर्मचारीले 'ब्ल्याक आउट' गरेको भन्दै सदनको काम अघि नबढाउन सभामुखलाई आग्रह गरे। लगत्तै सभामुख घिमिरेले संसद्को बैठक आज बिहान ११ बजेसम्मका लागि स्थगित गरे। संसद्का कर्मचारीहरूले पछिल्लो समय तलब वृद्धि, आवास भत्ता, कार्यालय समयभन्दा बढी काम गरेको भत्तालगायतको माग गर्दै आएका छन्।


## भुलसुधार

यस पत्रिकामा मिति २०८१ जेष्ठ २१ गते कम्पनी लिक्युडेशनको क्रममा प्रकाशन गरेको ३५ दिने हकदावी सूचनामा प्रा. लि. दर्ता नं. २६९९२३ भएको कम्पनीको नाम मैत्री महिला मार्ट प्रा. लि. हुनुपर्नेमा भूलबस महिला मैत्री मार्ट प्रा. लि. भएको सम्बन्धित सबैमा जानकारी गराइन्छ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०३।०४ गते अन्दाजी ३:०० बजेको समयमा अपरिचित व्यक्तिले काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा. वडा नं.-८, सानोपुल नजिक खाजाघरमा पार्किङ गरीराखेको दर्ता नं. बाग्मती प्रदेश ०२-०४६ प ११७९ को कालोरातो रङ्को 220 FABS पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु।

नाम : कान्छि तामाङ
बाइक नं.: बा.प्र. ०२-०४६ प ११७९
च्यासिस नं.: MD2A13EX9NCM-83061
इन्जिन नं. : DKXCNM-37358
ठेगाना: नवलपुर -०४, सिन्धुपाल्चोक
सम्पर्क: ९८४३५१९६५६

## दावी विरोध सम्बन्धी
## वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री दि सेन्टर ओभरसिज प्रा.लि (ई.प.नं.८५/०५३/०५४) को** साविकको नाम परिवर्तन गरी **श्री इन्टरनेशनल ट्रेड लिङ्कस् रिक्रुटमेन्ट प्रा.लि.** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७४/१०/०७ मा दर्ता भएको प्रा.लि.नं. १८१९१४ को **ईजि ईन्टरनेशनल टुर्स एण्ड ट्राभल्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

**पद: PRO (Public Relations Officer**

**योग्यता:**
- कम्तिमा ३ वर्षको अनभव
- उत्कृष्ट सञ्चार क्षमता
- नेपाली र अंग्रेजी भाषामा दक्षता

**तलब: आपसी समझदारीमा**

**आवेदन प्रक्रिया:**
आवेदन पत्र र आवश्यक कागजातहरु यस विज्ञापन प्रकाशित भएको मितिबाट ७ दिनत्रि तलको ठेगानामा पठाउनुहोला :

**नोट: केवल छोट-सूचीकृत उम्मेद्वारहरूसँग मात्र सम्पर्क गरिनेछ।**

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal
Tel: 9807797030, 9851320099, 9851092233
Email: info@teslaoverseas.com.np

## बुढीगंगा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मोरङ, कोसी प्रदेश, नेपाल

### गाउँ कार्यपालिकाको जनहितमा जारी सन्देश

डेंगी ज्वरो अरू मौसमी ज्वरो जस्तै हो। डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ। यसले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ।

**लक्षणहरू:**
डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्दछन् :
- बेस्सरी टाउको दुख्ने
- आँखाको गेडी दुख्ने
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने
- शरीरमा बिबिरा आउने रिंगटा लाग्ने
- वाकवाकी/वान्ता हुने

**डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरू:**
यो रोगबाट बच्नको लागि मुख्यतयाः लामखुट्टेको टोकाइबाट जोगिनु पर्दछ। यसको लागि लामखुट्टेको नियन्त्रण नै सबैभन्दा उत्तम उपाय हो। लामखुट्टेको नियन्त्रण गर्न तल दिइएका कुराहरुमा ध्यान दिनु पर्दछः
- पूरा शरीर ढाकिने गरी कपडा लगाउने।
- लामखुट्टेको टोकाईबाट बच्न मल्हम वा मच्छड धूप जस्ता सामग्री प्रयोग गर्ने।
- लामखुट्टेको टोकाईबाट बच्न राति र दिउँसो सधैं झुलभित्र सुत्ने
- घर वरपर वा खेतबारीमा काम गर्न जाँदा लामखुट्टेको
- टोकाइबाट बच्न ध्यान पुर्‍याउने।
- झ्याल/ढोकामा जाली लगाई बन्द राख्ने।

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NASEEM AL KHALEEJ GARMENTS WORKSHOP**
पूर्व स्वीकृति मिति: २०८१/०२/१६ | LT. No. 305594 | चलानी नं. ६०२२०२७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor (Ladies Fashion Dress) | 4 | 0 | 1200 | ४३,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**OM NILGIRI RECRUITMENT PVT. LTD.** Govt. License 1621/079/80
Chapalkarkhana, Maharajgunj, Kathmandu, Tel: 015918589, Mobile: 9761617777
Mail: omnilgiri@gmail.com, Web: www.omnilgiri.com

## कृष्णपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना

प्रकाशित मितिः– २०८१।०३।०६

यस कृष्णपुर नगरपालिका, नगर कार्यपालिका कार्यालयको मिति २०८१।०१।१४ गते प्रकाशित तपसिलको कार्य गर्ने सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्युनतम् मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मू.अ.कर सहित) रु. |
|---|---|---|---|
| 27-ICT-2080/081 | Supply and Delivery of ICT Equipments for Krishnapur Municipality | श्री दिपेश ईन्फोसिस, धनगढी ४ कैलाली | ५२,४७,५५६।१५।- |

अन्य सवै बोलपत्र दाताहरुलाई समेत यसै सूचनाबाट जानकारी गराइएको छ।

प्रमुख प्रशासकीय अधिकृत

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HAREEM ALAIN LADIES SALOON**
पूर्व स्वीकृति मिति : २०८१/03/08 | LT. No. 306705 | चलानी नं. ६०२२१४१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 1 | 1200 | ४३,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 1 | 1200 | ४३,५१० | | | | | | | |
| 3 | Henna Applicator | 0 | 1 | 1200 | ४३,५१० | | | | | | | |
| 4 | Manicurist | 0 | 3 | 1200 | ४३,५१० | | | | | | | |

कम्पनी : **G K TECHNICAL SERVICES EST**
पूर्व स्वीकृति मिति : २०८१/03/08 | LT. No. 306706 | चलानी नं. ६०२२१४१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer | 2 | 0 | 1200 | ४३,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 3 | 0 | 950 | ३४,४४५ | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४३,५१० | | | | | | | |
| 4 | Marketing Specialist | 1 | 0 | 2000 | ७२,५२० | | | | | | | |
| 5 | Plasterer | 2 | 0 | 1200 | ४३,५१० | | | | | | | |
| 6 | Sales Officer | 1 | 0 | 2000 | ७२,५२० | | | | | | | |
| 7 | Scaffolder | 2 | 0 | 1200 | ४३,५१० | | | | | | | |
| 8 | Steel Fixer | 2 | 0 | 1200 | ४३,५१० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## Godawari Municipality
### Office of Municipal Executive
Bajrabarahi, Lalitpur
Bagmati Province, Nepal

### Invitation for Bids(IFB)

***Date of publication: - 2081/03/06 BS. (2024/06/20 AD.)***

1. The Godawari Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only for the Construction of the following project under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

**A. Single Stage: Single-Envelope Bidding Procedure**

| SN | Contract Identification No. | Name of Project | Estimate Amounts NRs (Without VAT ) | Cost of Bidding Document NRs | Bid Security NRs | Date of Pre-bid Meeting | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Godawarimun/lalitpur/W/NCB/52/080/81 | Construction of Saraswoti Secondary School (Truss work) Thecho, Godawari Municipality-12, Lalitpur. | 6,488,025.46/- | 3,000/- | 1,65,000/- | 2081/03/28 BS (2024-07-12 AD) Time: 13:00 hrs. | 2081/04/06 BS (2024-07-21 AD) Time: 12:00 hrs. | 2081/04/06 BS (2024-07-21 AD) Time: 13:00 hrs. | |
| 2 | Godawarimun/lalitpur/G/NCB/05/080/81 | Supply and Delivery of Copper for Bishankhu Narayan Temple at Godawari Muniicipality. | | 3,000/- | 75,000/- | 2081/03/28 BS (2024-07-12 AD) Time: 13:00 hrs. | 2081/04/06 BS (2024-07-21 AD) Time: 12:00 hrs. | 2081/04/06 BS (2024-07-21 AD) Time: 13:00 hrs. | |

3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- **www.bolpatra.gov.np/egp/**
6. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
7. Other mandatory information as per PPA and PPR.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राम्रो काममा साथ दिऔं

मुलुकमा सरकारले विभिन्न विषयमा छानबिन गर्न आयोग गठन गर्ने तर ती आयोगले दिएका प्रतिवेदन गुपचुप राख्ने प्रवृत्ति रहँदै आएको छ। सार्वजनिक गरिएको प्रतिवेदनले औंल्याएका सुझावहरू कार्यान्वयनमासमेत सरकारले आनाकानी गर्दै आएको छ। जसकारण छानबिन आयोगको औचित्यतामाथि नै प्रश्न उठ्दै आएको छ। यस्तै एउटा प्रतिवेदन थियो छ वर्षअघि सार्वजनिक उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन। उक्त प्रतिवेदनमा शिक्षामा चरम दलीय राजनीतिकरणले सामुदायिक विद्यालयको गुणस्तर खस्केको तथ्य उल्लेख गरिएको छ। शिक्षकलाई पेसागतरूपमा जिम्मेवार बनाउन दलीय आबद्धताबाट टाढा राख्न प्रस्ताव गरिएको छ।

यसका अतिरिक्त शिक्षक संगठनहरूसमेत खारेजीको प्रस्ताव प्रतिवेदनमा छ। यतिमात्रै गर्दा पनि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उक्सिने आयोगको दाबी छ। तर, उक्त प्रतिवेदनले गरेको प्रस्ताव र सुझावलाई कार्यान्वयन गर्न अघिल्ला शिक्षामन्त्रीहरू तयार भएनन्। वर्तमान शिक्षामन्त्री सुमना श्रेष्ठले भने मन्त्री नियुक्त भएकै दिन शिक्षकलाई दलीय आबद्धताबाट अलग पार्ने घोषणा गरेकी थिइन्। सोहीअनुसार राजनीतिक दलको सदस्यता त्यागन निर्देशन नै जारी गरिन्।

राजनीतिक दलको सदस्यता त्याग गर्न निर्देशन दिएपछि २० जनाले शिक्षक पद नै त्यागे। राजीनामा दिएर उनीहरू राजनीतिमा पूर्णकालीन भएका छन्। स्रोतका अनुसार उनीहरू राजनीतिक दलको स्थानीय तहदेखि जिल्ला हुँदै प्रदेशसम्मको समितिमा शक्तिशाली भूमिकामा छन्। राजनीतिमा आबद्ध भएका ४५ शिक्षकविरुद्ध उजुरी प्राप्त भएको, तीमध्ये ४१ जनासँग स्पष्टीकरण सोधिएको र चार जनाले सफाइ पाएको पनि जानकारी दिइएको छ। यसअघि सरकारले नीति तथा कार्यक्रममा पनि शिक्षकलाई दलीय आबद्धताबाट मुक्त गराउने कानुनी व्यवस्थालाई कार्यान्वयन गर्ने घोषणा गरेको थियो। जसले शिक्षामन्त्री श्रेष्ठको घोषणालाई कार्यान्वयन गर्न नीतिगतरूपमै सम्बोधन गर्‍यो।

जसअनुसार ८२५ जना शिक्षकले राजनीतिक दलसँगको आबद्धता त्यागेका छन्। शिक्षकहरूलाई राजनीतिबाट निरुत्साहित गर्न आफ्नो प्राथमिकता रहेको मन्त्री श्रेष्ठले प्रतिबद्धता दोहोर्‍याइन्। शिक्षामा दलीय राजनीतिकरण हुन नहुने एजेन्डा अन्तिम साससम्म नछाड्ने उनको प्रतिबद्धता छ। शिक्षामन्त्री श्रेष्ठको यो प्रतिबद्धता साँच्चिकै स्वागतयोग्य छ। शिक्षक जस्तो पदमा बसेर राजनीति गर्नु कुनै हिसाबले उचित हुँदैन। त्यसैले शिक्षकलाई राजनीतिक दलको आबद्धताबाट अलग गराउन जरुरी थियो। यसका लागि सरकारले छ वर्षअघिको प्रतिवेदन कार्यान्वयन मात्रै गरिदिएको भए हुने थियो। तर, त्यो आँट अघिल्ला मन्त्रीहरूले गरेनन्। कारण आफ्नै पार्टी ाबका शिक्षकहरूलाई जोगाउनु थियो उनीहरूलाई। अहिलेका मन्त्रीले यसलाई तोडेकी छन्, जुन सराहनीय काम भएको छ। यद्यपि, दीर्घकालीनरूपमा शिक्षकहरूलाई राजनीतिबाट अलग गराउन अझै काम गर्न बाँकी छ। यसका लागि सबैले आ–आफ्नो ठाउँबाट मन्त्री श्रेष्ठलाई सहयोग गर्न जरुरी छ। राम्रो काममा सबैले साथ दिऔं।

## मननयोग्य

### चाणक्य नीति

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर। 'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ। यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए। अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए। नही किनारमा कुलपतिसँग भेट भयो।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए। आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे। पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ। यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन्। यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ। कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए। समय बित्दै गयो, धेरै वसन्त आए गए। कति पात झरे, पलाए। पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त। अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे।

क्रमशः



# 'भीडलाई हेरेर अदालतले फैसला गर्छ भन्ने कुरा गलत हो'

**कल्याणकुमार श्रेष्ठ**
पूर्वप्रधानन्यायाधीश

२०३२ साउन १ गते शाखा अधिकृतका रूपमा नेपाल सरकारको सेवा प्रवेश गरेका कल्याणकुमार श्रेष्ठ जिल्ला र उच्च हुँदै सर्वोच्च अदालतको न्यायाधीश बने। उनी २०७२ असार २३ मा नेपालको प्रधानन्यायाधीशमा नियुक्त भएका हुन्। २०७२ चैत ३० गतेसम्म प्रधानन्यायाधीशका रूपमा नेपालको सर्वोच्च न्यायालयको नेतृत्वमा रहेका पूर्वप्रधानन्यायाधीश श्रेष्ठ २००८ वैशाख १ गते जन्मिएका हुन्। पछिल्लो समय उनले आफूलाई साहित्य, नागरिकको अभिव्यक्ति स्वतन्त्रता, कानुन, समाज सेवा, नेपाली संस्कार र संस्कृतिसम्बन्धी विविध कार्यक्रमहरूमा व्यस्त राखिरहेका छन्। पूर्वप्रधानन्यायाधीश श्रेष्ठसँग *राससका* प्रमुख समाचारदाता *एकराज पाठक* र समाचारदाता *कालिका खड्काले* गरेको कुराकानीः

**नेपालको संविधानको कार्यान्वयनको अवस्थालाई कसरी नियाल्नुभएको छ ?**

संविधान कार्यान्वयनको प्रारम्भिक चरण चुनौतीपूर्ण त हुन्छ नै। यसका साथमा संविधानसँग मानिसका आशा अपेक्षा पनि धेरै नै हुन्छन्। त्यसैले आशा र उपलब्धिको सन्दर्भबाट कार्यान्वयनको अवस्थालाई हेर्नुपर्ने हुन्छ। संविधान कार्यान्वयन भइरहेको छ। संविधानबमोजिम निर्वाचन भएका छन्, सरकार निर्माण भएका छन्। संविधान कार्यान्वयनको उद्देश्य नियमित कामभन्दा बाहेक जनताका आशा र भरोसाको प्रजातन्त्र कार्यान्वयन ठीक ढंगले हुनुपर्छ भन्ने पनि हो। नागरिकका नैसर्गिक अधिकारहरूको उपभोग गर्न पाएका छन्। यसका लागि कानुनहरू पनि ठीक ढंगले बन्नुपर्‍यो भन्ने मलाई लाग्छ।

त्यसैगरी नागरिकमा सुशासनको प्रत्याभूति पनि हुनुपर्‍यो। कानुनी राज्य छ भन्ने अनुभूति जनतामा हुनुपर्‍यो। यसका साथसाथै देशमा विकासका कामहरूले पनि अग्रगति पाउनुपर्छ। नियन्त्रण र सन्तुलनको व्यवस्था पनि नियमितरूपमा सञ्चालन हुनुपर्ने हो। त्यसरी हेर्दा व्यावधानहरू धेरै देख्छु। यसरी हेर्दा संघीयताको कार्यान्वयन त भइरहेकै छ तर अझै पनि मैले यसलाई आलोकाँचो कार्यान्वयनका रूपमा हेरेको छु। कार्यान्वयन पूर्णरूपमा हुन नसकेको गुनासो जनमानसमा पनि सुनिन्छ। संसद्ले बनाउनुपर्ने ऐन, कानुनहरू अहिलेसम्म बनाउन सकेको अवस्था छैन। महिनौंसम्म संसद् अधिवेशन चल्दा एउटा मात्रै ऐन बनाउन सकेको समाचार हामीले सुनिरहेका छौं। आवश्यक पर्ने कानुन नबन्दा संविधान अनुकूल बनेका अंगहरूले पनि प्रभावकारी तरिकाले काम गर्न सक्दैनन्। यो कुरा सम्बद्ध सबैले बुझ्नु जरुरी छ।

नेपालको संविधान जारी भएपछि देश र जनताका सबै खालका समस्याहरू समाधान हुन्छन् भन्ने आश्वासन नेताहरूले जनतालाई दिएका थिए। नागरिक पनि त्यसैको पर्खाइमा थिए। तर संविधान जारी भएर संघीयता आएपछि पनि जनताका समस्या र समृद्धिका सपना भने पूरा हुन सकेको देखिएको छैन। समस्याहरू थाती नै रहेको जनगुनासो व्यापक छ। व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा पनि कानुनको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ। यसको अभाव हुन दिनु हुँदैन। त्यसैले मलाई लाग्छ संविधान कार्यान्वयनमा त आएकै छ तर पनि यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन। त्यसैले जनताको विकास र समृद्धिको सपना अझै पूरा हुन सकेको छैन।

**तर देशका नेताहरूले त मुलुकले लामो संघर्षपछि संघीयता पाएको हो। हामी अहिले पनि संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा छौं, अहिले नै सबै कार्यान्वयन सम्भव पनि छैन। संविधान र संघीयता कार्यान्वयनका लागि समय पर्याप्त भइसकेको छैन भन्नुहुन्छ नि ?**

हामी संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा छौं, यो सही कुरा हो। त्यसकारण हामी सिक्दै छौं भन्ने कुरा सहज नै भयो तर प्रारम्भिक चरण त झनै द्रुत गतिमा संविधानको कार्यान्वयन गर्ने हो नि। कमीकमजोरी छन् भने थाहा हुन्छ र सच्याउन पनि अहिले नै सजिलो हुन्छ। तुरुन्तै सच्याएर जानुपर्छ। पर्ख र हेर भन्ने छुट हामीलाई छैन। नेपाल विकासशील मुलुक हो। अझै यसका लागि कति समय या अवधि माग्ने भन्ने कुरा हुँदैन भन्छु म। संविधानको कार्यान्वयन गर्ने संयन्त्रलाई अझ बढी चुस्त र द्रुत बनाउनु जरुरी छ। अहिले नै यसलाई चुस्त र छरितो अनि स्पष्ट बनाउँदै गइएन भने संघीयताको प्रभावकारी कार्यान्वयनमा विलम्ब हुन जान्छ। यसका कारण राज्यका फरक-फरक अंगहरूका बीचमा मतभेद बढ्दै जाने खतरा पनि हुन्छ। यसबाट संघ, प्रदेश र स्थानीय तह पनि प्रभावित हुन सक्छन्। त्यसको भए उहाँहरूलाई मेरो प्रश्न छ- संविधान कार्यान्वयन गर्न बनाएको हो कि पर्खन ? अनि संघीयता कार्यान्वयन फटाफट नगरेर हामी कहिलेसम्म पर्खने त ? हामीले संविधान पर्खिनका लागि बनाएको हो ? त्यो तरिका ठीक होइन। जारी गर्ने बित्तिकैदेखि संविधानको कार्यान्वयनका लागि आवश्यक सबै बाटोहरू फुकाउँदै जानुपर्थ्यो। यसमा अझै विलम्ब भइरहेको छ। त्यसैले मलाई लाग्छ संविधानको कार्यान्वयनलाई पर्खने, टार्ने, पर सार्ने वा माफी माग्ने कुनै पनि तर्कसँग सहमत रहन सकिन्न।

**प्रदेश सरकार गठनका प्रक्रियाहरूका बारेमा**

> हामी संघीयता कार्यान्वयनको प्रारम्भिक चरणमा छौं, यो सही कुरा हो। त्यसकारण हामी सिक्दै छौं भन्ने कुरा सहज नै भयो तर प्रारम्भिक चरण त झनै द्रुत गतिमा संविधानको कार्यान्वयन गर्ने हो नि। कमीकमजोरी छन् भने थाहा हुन्छ र सच्याउन पनि अहिले नै सजिलो हुन्छ। तुरुन्तै सच्याएर जानुपर्छ। पर्ख र हेर भन्ने छुट हामीलाई छैन।

> संक्रमणकालीन न्यायमा ढिलाइ हुनाका कारण त धेरै होलान् तर मुख्य कुरा चाहिँ राजनीतिक निष्ठाको प्रश्न हो। यस विषयमा न्यायालयबाट नेपालको राष्ट्रिय परिवेशमा अदालतबाट जे जति उत्तर दिनुपर्ने हो, त्यो अदालतको फैसलाबाट दिइसकेको छ। के गर्न बाँकी हो भन्ने कुरा पनि मार्गनिर्देश भइसकेको छ। त्यसका बाबजुत पनि वर्षौं वर्षसम्म पनि त्यो फैसलाको कार्यान्वयन नगर्नु भनेको राजनीतिक क्षेत्रको इच्छाशक्तिकै अभाव हो भन्छु म।

**अदालतमा नियमित रूपमा मुद्दा आउने गरेका छन्। सरकार गठनका स–साना मुद्दा पनि सर्वोच्च अदालतमा आउने गरेका छन्। मुलुकमा भइरहेको यो पछिल्लो अभ्यासलाई यहाँले कसरी लिनुभएको छ ?**

यसमा केही समस्या त संविधानमा पनि छ। संघीय र प्रदेश सरकारको पनि संरचनागत समस्या यसमा देखिन्छ। सुधारिएको संसदीय व्यवस्था भनिएकाले सुधार भएको पनि देखिनुपर्दछ। संघीय सरकारका विरुद्धमा दुई वर्षसम्म अविश्वासको प्रस्ताव लान नपाउने भनिएको त छ तर पनि त्यो सरकारले पूरा दुई वर्षसम्म जरो गाडेर बस्न पनि नसक्ने अनि अविश्वासको प्रस्ताव लान पनि नसक्ने अवस्था देखिएको छ। प्रजातन्त्र भनेको प्राविधिकरूपमा जिउने होइन कि यसबाट व्यवस्थालाई नै जीवन्त बनाउने हो। संविधानमा संरचनागत र प्रक्रियागत समस्याहरू पनि छन्। फेरि यसमा बाधा अड्काउ फुकाउको व्यवस्था पनि छैन। सबै कुरा अदालतमा लाने परिपाटी छ। केही राजनीतिमा इमान, निष्ठा र क्षमताका कुराहरूको पनि जोहो गर्नुपर्छ नि, त्यो देखिएन।

कतिपय राजनीतिक स्थानमा नै समस्याका सामाधानहरू खोज्नुपर्ने हो तर प्रत्येक कुरालाई अदालतमा लैजाने काम भएको छ। अदालतमा समय लाग्ने, ढिला गर्ने यस्तो गरेर समय बर्बाद पार्ने काम गर्नु हुँदैन। कयौं राजनीतिक मुद्दाहरू राजनीतिकरूपमै समाधान गर्ने गरी दलहरूले न्यूनतम सहमति जुटाउनुपर्छ तर त्यो हुन सकेको अवस्था पनि देखिँदैन। पछिल्लो समय त झन् राजनीतिक नेतृत्वमा बहानाबाजी बढेको देखिएको छ र यसको अवसर जनतामा परेको छ। आफ्नो विवाद आफूले समाधान गर्न न्यूनतम सहमति बनाउनुपर्छ। असुविधा जनतालाई भएको छ। आफ्नो विवाद अन्त पठाउने संस्कृति संविधानले पनि धेरै बनाएको छैन कि जस्तो मलाई लाग्छ। यस्तै कारणले यहाँले भनेजस्तै सानातिना विषयवस्तु एवं राजनीतिक मुद्दाहरू पनि अदालतसम्मै पुगिरहेका हुन्।

**मुलुक एउटा राज्य प्रणालीबाट अर्कोमा जाँ( दाको संक्रमणकालीन अवस्थामा त्यस देशको सर्वोच्च न्यायालयको भूमिका कस्तो हुनुपर्छ ?**

सर्वोच्च अदालतको भूमिका त सधैं रहन्छ नै। कानुनी राज्यको अर्थ सीमित शासन भन्ने हुन्छ। कसैको पनि अधीनमा रहन्न। कानुनको अन्तिम व्याख्या गर्ने निकाय सर्वोच्च अदालत नै हो। अदालतमा आएका प्रश्नहरूलाई अदालतले हुँदैन वा गर्दिन भन्न पनि मिल्दैन। उसले बेहोनुपर्छ। कम प्रश्न आए कम जवाफ र धेरै प्रश्न आए धेरै जवाफ दिनुपर्ने हुन्छ। पन्छिने कुरा त आउँदैन तर विवाद कति अदालतमा विवाद सुम्पिने भन्ने राजनीतिक प्रश्न हो नि। यस्तो त संविधानमा लेखिने प्रश्न पनि हो। यस्तो संक्रमणकालीन अवस्थाबाट राज्य व्यवस्था सञ्चालन भइरहेका बेला राजनीतिक क्षेत्रमा धेरै समस्या हुन्छन् र त्यसको प्रत्यक्ष असर कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सबैतिर देखिन्छ। कतिपय अवस्थामा नेताले आफूलाई सुविधाजनक अवस्थामा राख्ने अवस्था पनि आएको हुन्छ। नागरिकले संविधानमा व्यवस्था भएकै कतिपय अधिकारहरू पनि पाउन नसकेको अवस्था पनि हुनसक्छ। यस्तो संक्रमणकालीन राजनीतिक अवस्थामा नेताले अथवा पहुँच हुनेले जितेको र जनताले हारेको परिस्थितिसमेत निर्माण भइरहेको हुनसक्छ। यस्तो बेलामा मुलुकको न्यायालयको भूमिका अघिपछिको भन्दा महत्त्वपूर्ण हुन्छ र उसले कानुनी राज्यको आभास दिलाउने गरी काम गरेको हुन्छ।

**पछिल्लो समय मुलुकको न्यायालयमाथि विवाद देखिएको छ। न्यायालयप्रतिको मर्यादा र साख पनि घट्दो क्रममा छ भन्ने आवाजहरू पनि सुन्ने गरिएको छ। यसप्रति यहाँको धारणा के छ ?**

न्यायालयको मर्यादा र त्यसको सम्मान कम भएर न्यायालयको साख गिरेको छ भन्ने भाष्य कहीँ कतैबाट पनि निर्माण गर्न हुँदैन। न्यायालयले आफ्नो काम गरिरहेकौ छ। न्यायालयले राजनीतिक गर्ने होइन, गरेको पनि छैन। उसको काम आफूसमक्ष प्रस्तुत हुन आएका विवादहरूको निष्पक्ष समाधान दिने हो। यो काम न्यायालयले गरिनै रहेको छ। अनि अर्को मलाई लागेको सबैभन्दा महत्त्वपूर्ण कुरा न्यायालयले दिएका निर्णयहरू कार्यान्वयन नभएको अवस्था भने छैन। केही कानुनी समस्याहरू छन् तर मूलरूपमा राजनीतिक एवं संवैधानिक क्षेत्रमा पनि सम्बन्धित दल या व्यक्ति विशेषलाई अप्रिय लागे पनि कानुनअनुसार नै निर्णयहरू भएका छन् र ती निर्णयहरूको कार्यान्वयन पनि भएकै अवस्था छ। न्यायालयको मान मर्यादा घट्नुपर्ने बिन्दुमा नै पुगेको छ भन्ने मलाई लाग्दैन तर संविधान निर्माण गर्दा राजनीतिक तत्त्व हाबी भने भएकै हो। न्यायालयको संवेदनशीलतालाई जुन स्थानमा राख्नुपर्ने हो त्यो राखिएको छैन भन्ने मेरो धारणा छ। नियुक्तिका संयन्त्रहरूमा पनि कहीँ न कहीँ राजनीतिक असर परेको छ तर त्यसका बाबजुत पनि कुनै व्यक्ति न्यायालयमा प्रवेश गरेपछि भने आफ्नो भरपुर क्षमताले निष्पक्षरूपमा काम गरेको छ।

**संविधान कार्यान्वयनकै विषयमा कुरा गर्दा यहाँ नै सर्वोच्च अदालतको न्यायाधीश हुँदा दिएको संक्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन अहिलेसम्म भएको छैन ? त्यो किन ढिलाइ भएको होला ? न्यायिक दृष्टिकोणबाट कसरी मूल्यांकन गर्नुहुन्छ ?**

संक्रमणकालीन न्यायमा ढिलाइ हुनाका कारण त धेरै होलान् तर मुख्य कुरा चाहिँ राजनीतिक निष्ठाको प्रश्न हो। यस विषयमा न्यायालयबाट नेपालको राष्ट्रिय परिवेशमा अदालतबाट जे जति उत्तर दिनुपर्ने हो, त्यो अदालतको फैसलाबाट दिइसकेको छ। के गर्न बाँकी हो भन्ने कुरा पनि मार्गनिर्देश भइसकेको छ। त्यसका बाबजुत पनि वर्षौं वर्षसम्म पनि त्यो फैसलाको कार्यान्वयन नगर्नु भनेको राजनीतिक क्षेत्रको इच्छाशक्तिकै अभाव हो भन्छु म। यसलाई त अझ दण्डनीय किसिमको इच्छाशक्तिको अभावभन्दा पनि फरक पर्दैन। फैसला कार्यान्वयन गर्नेगरी कानुनको संशोधन गर्नु अनिवार्य छ। त्यो अनिवार्यताको इमान्दारिताका साथ पालना गर्नुपर्छ। अरू देशमा कस्तो कस्तो अभ्यास भएको छ भनेर दौडधुप गरेर सयम बिताउने संस्कृति आजको दिनमा पनि मौलाइरहेको मैले देख्छु। त्यो आवश्यक छैन। संक्रमणकालीन न्यायको विषयमा यो वा त्यो बहाना गरेर अयन्त्र कतै घुमफिर गरेर सर्वोच्च अदालतले गरेको फैसलाको आलटाल गर्न मिल्दैथ्यो। खोइ किन हो राजनीतिक दलहरूमा विलम्ब भएकामा चिन्ताभन्दा पनि यसैमा रमाएको देख्छु। पीडितको पीडालाई आफ्नै ठानेर राज्य संयन्त्रमा रहेकाहरूले काम गरिदिनुपर्छ। ऐन संशोधन गर्न आलटाल गर्नु हुँदैन। यस्तो काम गैरन्यायिक त हो नै गैरजिम्मेवार पनि हो। पीडितलाई जतिसक्दो छिटो न्याय दिनुपर्ने विषयमा राजनीतिक दलहरू गम्भीर हुनुपर्छ भन्ने मलाई लाग्छ।

**न्यायमा सर्वसाधारणको सहज पहुँच अझै पुग्न सकेन, न्याय महँगो भयो भन्ने गुनासो छ नि ?**

न्यायमा सर्वसाधारणको पहुँच पुग्न सकेको छैन। त्यो मात्र होइन, उजुरी गर्ने हक नै कम छ। चित्त नबुझेको मानिसले न्यायालय जान पाउने हक हो। त्यसको प्रयोग नागरिकले गर्नुपर्छ। न्यायमा पहुँच नपुग्नुको कारण कानुनी राज्यको अवधारणालाई प्रभावकारीरूपमा आत्मसात् गर्न नसक्नु हो। सर्वोच्च अदालतमा न्यायमा पहुँचसम्बन्धी आयोग पनि छ तर त्यसका कार्यक्रम गर्नका लागि आवश्यक स्रोत, साधन र क्षमता छैन। जनतासँगको सम्पर्क चाहिन्छ। ऐन, कानुनको सहज वितरण, निःशुल्क न्याय दिनुपर्ने हुन्छ। अदालतमा हेर्दा त वास्तवमा नागरिकलाई न्यायका खर्च नै हुँदैनभन्दा पनि हुन्छ। मलाई लाग्छ हामी संसारमै सबैभन्दा थोरै बजेटमा काम गर्नेमा पर्छौं। तर यदि न्यायका क्रममा नागरिकको धेरै बजेट खर्च भएको छ भने त्यो कहाँ जान्छ उहाँहरूले नै खोज्नुपर्ने विषय हो। न्यायमा पहुँच पुर्‍याउने विषयमा जनता, वकिल, न्यायाधीश, नेता कोहीले पनि ध्यान दिएको देखिँदैन। त्यसका लागि छुट्टै बजेट जरुरी पनि छ। तर त्यो हुन सकेको छैन। न्यायमा सबै नागरिकको पहुँचका विषयमा न्यायलय र सबै पक्ष जागरुक हुनु र लाग्नु जरुरी छ।

न्यायालयमा मुद्दाको खर्चबापतमा संसारको सबैभन्दा कम खर्च छ हामीकहाँ। हाम्रो त अदालतती प्रक्रिया सस्तो छ तर पैसा कसको पकेटमा परेको छ भन्ने बारेमा अध्ययन गर्नुस्। कानुन व्यवसायीमा जान्छ कि कहाँ जान्छ ? उनीहरूसँग हिसाब माग्नुभएको छ ? पैसा अन्यत्रै बुझाउने र हिसाब चाहिँ अदालतमा देखाएर न्याय महँगो भयो भन्न मिल्ला र ? अदालतमा बुझाएको पैसा मात्र अदालती फी हो। अदालतले भन्दा बाहिर बुझाएको पैसाको जवाफ अदालतले दिन सक्दैन। न्यायमा महँगो अन्य कारणले भएको होला। त्यसको जवाफ त अदालतले दिन सक्दैन।

**भीडलाई हेरेर आदेश वा फैसला हुने गरेको आरोप पनि बेलाबेला न्यायालयप्रति लाग्ने गरेको छ। यसमा यहाँको अनुभव कस्तो छ ?**

यो कुनै एक घटना या विषयसँग जोडेर सामान्यीकरण गरेर भन्न मिल्ने विषय होइन। यसरी भन्न पनि अप्ठ्यारो छ। अमुक मुद्दामा मानिसले अमुक धारणा बनाएका हुन्छन्। त्यो सबैको धारणा सुनेर पनि हुँदैन। सामान्यतया जनताका आवाज सुन्नु त राम्रै हो तर पनि अखबार पढेर न्यायाधीशले निर्णय गर्ने होइन र गरेका पनि छैनन्। कानुन र मिसिल हेरेर नै निर्णय गर्ने हो। कहीँ कतै मानिसलाई लागेको हुन सक्छ तर त्यतिमात्रै पनि होइन। सरकारले कहिलेकाहीँ न्यायालयलाई भारको रूपमा हेरेको हुन्छ, त्यसो गरिनु हुँदैन। अदालती दस्तुर पनि अत्यन्तै कम छ। भीडलाई हेरेर अदालतले फैसला गर्छ भन्ने कुरा गलत हो।

**नेपालको न्यायालयमा थप सुधार गर्नका लागि के गर्नुपर्छ भन्ने लाग्छ ?**

संवैधानिक संरचनादेखि नै हेर्नुपर्ने हुन्छ। प्रक्रियागत समस्या पनि छन्। बृहत् अर्थमा चाहिँ सुधारको छुट्टै कार्ययोजना बनाएर एउटा प्याकेजमा सायद कुरा गर्नुपर्छ। समाजमा न्यायका सरोकारवाला पक्षहरू धेरै छन्। सरोकारवाला पक्षहरूलाई समेत समेटेर सबैको हितमा हुने र रहनेगरी सबैसँगको आवश्यक संवादबाट रचनात्मक ढंगले अघि बढ्नुपर्छ। यसो गर्न सकियो भने यस क्षेत्रमा उठेका प्रश्नहरूको पनि उचितरूपमा सम्बोधन गर्न सकिन्छ। यहाँले अघि भनेजस्तै कतिपय अवस्थामा न्यायालयमाथि अहिले नागरिकस्तरबाट पनि प्रश्नचाहिँ उठिरहेकै छन्। तिनको निराकरणका लागि पनि यस प्रकारको न्यायिक पुनर्संरचना आवश्यक छ भन्ने मलाई लाग्छ।

# विपद् न्यूनीकरणका लागि तनहुँको पूर्वतयारी



■ कृष्ण न्यौपाने

> सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको तथ्यांकको आधारमा २०८१ सालको मनसुनबाट प्रभावित हुनसक्ने जनसंख्या करिब १२ लाख ५० हजार रहेको छ । 'यस वर्षको मनसुन जेठ अन्तिम साताबाट सुरू भई असोजको दोस्रो सातासम्म रहने जल तथा मौसम विज्ञान विभागले अनुमान छ ।

**दमौली (तनहुँ)–** पछिल्लो पाँच वर्षको अवधिमा तनहुँमा विपद्बाट ५६ जनाले ज्यान गुमाए । बाढी, पहिरो, चटचाङबाट ८४ जना घाइते भए भने १० जना बेपत्ता छन् । विपद्बाट घर, गोठ, विद्यालय, सरकारी कार्यालय गरी एक हजार ३३५ भौतिक संरचनामा क्षति पुग्यो । त्यस अवधिमा करोडौं मूल्यबराबरको आर्थिक नोक्सानी भयो ।

तनहुँ जिल्ला बाढीपहिरो, चटचाङजस्ता विपद्को उच्च जोखिममा छ । बाढीपहिरोबाट मात्रै २०७६ सालमा १२ जनाको मृत्यु, चार जना घाइते, २०७७ सालमा आठ जना मृत्यु, १५ जना घाइते, २०७८ सालमा चार जना मृत्यु, तीन जना घाइते, २०७९ सालमा दुई जना मृत्यु, दुई जना घाइते भएको जिल्ला विपद् व्यवस्थापन समितिको तथ्यांक छ । भौतिक सम्पत्तितर्फ २०७६ सालमा एक करोड २२ लाख रूपैयाँ, २०७७ सालमा दुई करोड ९५ लाख ७६ हजार रूपैयाँ, २०७८ सालमा ४१ लाख ९२ हजार रूपैयाँ, २०७९ सालमा ३१ लाख ६३ हजार रूपैयाँ, २०८० सालमा ५४ लाख ३५ हजार रूपैयाँको नोक्सानी भएको छ ।

विपद्बाट हुने क्षतिको न्यूनीकरणका लागि जिल्ला विपद् व्यवस्थापन समिति तनहुँ प्रतिकार्य योजना तयार गरी पूर्वतयारीमा जुटेको छ । विभिन्न प्रकोपका कारण सामाजिक तथा मानवीय जीवनमा आइपर्ने विपद्लाई थेग्न तथा हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक भएकाले मनसुन, शीतलहर, आगलागी, चटचाङ, महामारी, आँधी प्रतिकार्य आपत्कालीन कार्ययोजना कार्यान्वयनमा ल्याइएको समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले बताए ।

यस वर्षको बाढी पहिरोबाट तनहुँमा सात हजार प्रभावित हुन सक्ने अनुमान गरिएको छ । गण्डकी प्रदेशमा यस वर्ष १५ हजार ९६९ घरधुरीका ७० हजार प्रभावित हुने आँकलन गरिएकामा तनहुँमा यस वर्ष पहिरोलाई पहिलो जोखिमको रूपमा राखिएको गौतमले बताए ।

सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको तथ्यांकको आधारमा २०८१ सालको मनसुनबाट प्रभावित हुनसक्ने जनसंख्या करिब १२ लाख ५० हजार रहेको छ । उनले भने, 'यस वर्षको मनसुन जेठ अन्तिम साताबाट सुरु भई असोजको दोस्रो सातासम्म रहनेगरी जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ । विपद्को क्षति न्यूनीकरणका लागि हामी तयारी अवस्थामा जुटेका छौं ।' जिल्लाका चार नगरपालिका र छ गाउँपालिका पहिरोको उच्च जोखिममा छन् । पहिरोपछि बाढी, आगलागी, महामारी, सुख्खा खडेरी, सडक दुर्घटना र चटचाङ तथा हावाहुरी छन् । प्रतिकार्य योजनामा उल्लेख भएअनुसार जिल्लाका १० पालिकाका ८५ वडामध्ये ४८ वडा पहिरोका जोखिममा छन् ।

पहिरोबाट व्यास नगरपालिकाको २ नं वडाबाहेक १३ वटै जोखिममा छन् । भानु नगरपालिका-४, ५, ६ र ७, भीमाद नगरपालिकाका-३, ५, ७, ८ र ९, शुक्लागण्डकी नगरपालिका-९ र १०, देवघाट गाउँपालिका-१, २, ३ र ४, बन्दीपुर गाउँपालिका-१, २, ४ र ५, घिरिङ गाउँपालिका-२, ३, ४ र ५, ऋषिङ गाउँपालिका-१, २, ३, ६, ७ र ८, आँबुखैरेनी गाउँपालिका-४, ५ र ६ र म्याग्दे गाउँपालिका-१, २, ३, ४, ५, ६ र ७ पहिरोका उच्च जोखिममा छन् ।

यस्तै बाढीबाट व्यास नगरपालिका-१, २, ३, ६, ८, ९, ११ र १३, भानु नगरपालिका-१, २, ५, ६, ७, ११, १२ र १३, भिमाद नगरपालिका-१, शुक्लागण्डकी नगरपालिका-४ र ८, देवघाट गाउँपालिका-१, २, ३, ४ र ५ का नदीतटीय क्षेत्र, बन्दीपुर गाउँपालिका-६ सामीकोट क्षेत्र, घिरिङ गाउँपालिका-१ को कालीगण्डकी, मैदीखोला र सिरिंदी खोला किनारका बस्ती, ऋषिङ गाउँपालिका-१, ३, ४, ५, ७ र ८ का झापुटार र बेलटारका नदी किनारका बस्ती, आँबुखैरेनी गाउँपालिका-२, ४, ५ र ६ का बस्तीहरू, म्याग्दे गाउँपालिका-३ र ६ का अकला क्षेत्र उच्च जोखिममा छन् ।

प्रजिअ गौतमले भने, 'विपद्ले समुदायको आर्थिक, सामाजिक तथा मानवीय जीवनमा पुर्‍याउन सक्ने क्षतिलाई न्यूनीकरण गरी विपद्पछि छिटोभन्दा छिटो पूर्ववत् अवस्थामा ल्याउन प्रस्तुत योजना प्रभावकारी र कोशेढुंगा हुने अपेक्षा लिइएको छ ।' विपद्को अवस्थामा प्रतिकार्यका लागि तनहुँमा उपलब्ध भौतिक, मानवीय र आर्थिक स्रोतलाई लेखाजोखा गरी जिल्ला विपद् व्यवस्थापन समितिको नेतृत्वदायी भूमिकासहित कार्ययोजना तयार गरिएको उनको भनाइ छ ।

विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना तर्जुमाका लागि संकटासन्नता र क्षमताको विश्लेषणका आधारमा आठवटा विषयगत क्षेत्रहरू निर्धारण गरिएको छ । यो योजनाले कार्यान्वयन गर्ने संस्था र सहयोगी संस्थाहरूको भूमिका तथा जिम्मेवारीहरू स्पष्ट रूपमा पहिचान गरेको छ । विपद्को समयमा खोज तथा उद्धार एवं आपत्कालीन सुरक्षा र राहत वितरण कार्यका लागि टोली तयार अवस्थामा राखिएको छ । प्रमुख जिल्ला अधिकारी गौतमको नेतृत्वमा उद्धारसहितका सामग्री तयारी अवस्थामा छ । नेपाली सेनाको चापाघाटस्थित कालीभञ्जन गण (ई) बाट प्रमुख सेनानी बसन्त कार्कीको नेतृत्वमा उद्धार सामग्रीसहित ८८ जनशक्ति तयारी अवस्थामा छन् । जिल्ला प्रहरी कार्यालयबाट प्रहरी उपरीक्षक अपिलराज बोहराको नेतृत्वमा उद्धार सामग्रीसहित २५ जना प्रहरी तयारी अवस्थामा राखिएको छ । त्यस्तै सशस्त्र प्रहरी बल नेपाल नम्बर २३ गण हेडक्वार्टर मनकामनाबाट प्रहरी उपरीक्षक कृष्णराज अधिकारीको नेतृत्वमा ५५ जना जनशक्ति उद्धार सामग्रीसहित तयारी अवस्थामा राखिएको छ ।

शुक्लागण्डकी नगरपालिकाबाट प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा पाँच जना नगर प्रहरी, भानु नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा १९३ जना कर्मचारी, घिरिङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा ७२ जना कर्मचारी, व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा उद्धार सामग्री, भिमाद नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा ९९ जना कर्मचारीलाई सामग्रीसहित तयारी अवस्थामा राखिएको छ ।

आँबुखैरेनी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा १० जना, ऋषिङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा १५ जना, देवघाट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा तीन जना उद्धार सामग्रीसहित तयारी अवस्थामा छन् । यस्तै स्वास्थ्य कार्यालय, भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, शिक्षा विकास तथा समन्वय एकाइ, कृषि ज्ञान केन्द्र, सडक डिभिजन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, यान्त्रिक कार्यालयलाई समेत आवश्यक सामग्रीसहित तयारी अवस्थामा राखिएको प्रजिअ गौतमले जानकारी दिए ।

निजी तथा गैरसरकारी क्षेत्रतर्फ नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ, रिसेड, एनजिओ नेटवर्क, समाज सेवा समूह, सेतोगुराँस बालविकास समाज, निर्माण व्यवसायी संघ, तनहुँ सेवा समाज, गैरसरकारी संस्था महासंघलगायतलाई आवश्यक सामग्रीसहित तयारी अवस्थामा रहन भनिएको छ । स्थानीय तहले पनि विपद्को पूर्वतयारी गरिसकेका छन् । म्याग्दे गाउँपालिकाले पालिकास्तरमा अध्यक्षको संयोजकत्वमा र वडास्तरमा वडाध्यक्षको अध्यक्षमा विपद् व्यवस्थापन समिति गठन गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीको भनाइ छ । अधिकारीले भने, 'प्राकृतिक विपत्ति कतिबेला आउँछ भन्ने यकीन हुँदैन, यसलाई रोक्न सक्ने कुरा भएन, क्षति कम गर्नेतर्फ तयारी गरेका छौं ।' *रासस*


## राजबिराज नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

राजबिराज, सप्तरी

मधेश प्रदेश नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०३/०६

यस कार्यालयबाट मिति २०८१/०२/१५ र २०८१/०२/०२ मा प्रकाशित बोलपत्र आह्वानको सूचना मार्फत दर्ता हुन् आएका विधुतीय बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिलमा उल्लेखित बोलपत्र प्राविधिक तथा आर्थिक तवरले सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्यको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाताको विवरण | कबोल अंक रु. (Including VAT & PS) |
|---|---|---|---|
| RMUN/GOODS/SQ /2080/81-03 | The Procurement of Medicine and Surgical Materials Buying work at Rajbiraj Muncipality | Chun Chun pharmacy, Ramghar-10, Pokhara, Nepal | 25,59,748.95 |
| RMUN/GOODS/ NCB/2080/81-02 | The Procurement of 4WD hardtop Jeep Buying work at Rajbiraj Muncipality | Royal Auto Enterprises, Biratnagar, Nepal | 74,95,000.00 |

कार्यालय प्रमुख



## हार्दिक श्रद्धासुमन



जन्म : वि.सं. १९९३/११/०६

स्वर्गारोहण : वि.सं. २०८१/०२/२७

### स्व. भीमबहादुर सुनुवार

हाम्रा पुज्यनिय बुबा श्री भीमबहादुर सुनुवारको २०८१ जेठ २७ गते असामयिक निधन भएकोमा हामी उहाँप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं । यस दु:खको घडीमा सहभागी भै हामीलाई सान्त्वना दिनु हुने र विभिन्न माध्यमबाट समवेदना प्रकट गर्नुहुने सबै इष्टमित्र, नाता-कुटुम्ब, साथीभाइ तथा शुभचिन्तकमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

छोरा/बुहारी: कुलबहादुर/रितामाया सुनुवार
छोरा/बुहारी: सुजन/अमिषा सुनुवार
नातिनी/ज्वाइँ : मोनालिशा/सुबास सुनुवार
नाति/बुहारी: केवलबहादुर/दिपा सुनुवार
नाति/नातिना: प्रान्जल, प्रान्जली, सपना सुनुवार
पनाति: आदर्श, आदिना सुनुवार



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CITIZEN CONTRACTING CLEANING AND SERVICES**

पूर्व स्वीकृति मिति २०८०/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०५ | LT. No. 291780 | चलानी नं. ६०२०७०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 11 | 0 | 2500 | ९०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 1 | 0 | 4000 | १४५,४८० | | | | | | | |
| 3 | Data Entry | 9 | 22 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Foreman | 3 | 0 | 3000 | २१६,०५० | | | | | | | |
| 5 | General Clean Worker | 0 | 4 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | Labour | 1 | 0 | 6000 | २१८,२२१ | | | | | | | |
| 7 | Manager Variety | 2 | 0 | 2000 | ७२,७४० | | | | | | | |
| 8 | Marketing Represent | 8 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Painter | 4 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 10 | Representative | 3 | 0 | 2000 | ९०,७३० | | | | | | | |
| 11 | Sales Supervisor | 4 | 0 | 1200 | ४३,९४० | | | | | | | |
| 12 | Salesman | 1 | 0 | 3500 | १२७,२९५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 1500 | ५४,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

JALAJALA RECRUITMENT PVT.LTD

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## कुवेत/साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PREP FOOD SUPPLIES COMPANY**

पुर्व स्वीकृति मिति २०८१/०२/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 305986 | चलानी नं. ६०२२०७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 0 | 150 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |
| 3 | Commi 1. | 10 | 0 | 150 | ६५,३२० | | | | | | | |
| 4 | Cook | 10 | 0 | 250 | १०८,८८५ | | | | | | | |
| 5 | Labor | 10 | 0 | 120 | ५२,२५५ | | | | | | | |

कम्पनी : **DUBAI OASIS COMPANY**

पुर्व स्वीकृति मिति २०८१/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 305143 | चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **PLATINUM HANDS PACKING & REPACKING SERVICES**

पुर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : **MAWARID SERVICES COMPANY LLC**

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **ALABAAD ALKHAMSAH SECURITY SERVICES**

पुर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/०२ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 52 | 17 | 1200 | ४३,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १० गते (24th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ३९७/०६०/०६१

Future Star Manpower Pvt. Ltd.

Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक

बिहीबार ०६, असार २०८१ (Thursday, June 20, 2024)

रूपशाला

### अस्मिता र महेशले गरे इन्गेजमेन्ट

गायक महेश काफ्लेले गायिका अस्मिता अधिकारीसँग इन्गेजमेन्ट गरेका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत उनले यसको घोषणा गरेका हुन् । दुबईको बुर्ज खलिफाको सामुन्ने तस्बिर खिचाउँदै काफ्लेले लेखेका छन्, 'सहयात्राको यो सुरूवात । हामी इन्गेज्ड भएका छौँ । अस्मिता अधिकारी आई लभ यू ।' गायक काफ्ले र अधिकारी लामो समयदेखि प्रेम सम्बन्धमा थिए । अहिले उनीहरूले आफ्नो सम्बन्धलाई औपचारिकता दिएका हुन् ।



# अमेरिकाका ८ राज्यमा 'अब नाच्छ अमेरिका'




■ प्रभाव संवाददाता

**काठमाडौं –** हरितालिका तीजको अवसर पारेर अमेरिकाका ८ राज्यमा 'अब नाच्छ अमेरिका' कार्यक्रम हुने भएको छ । फ्लाई नेपाले यसअघि आयोजना गरेको 'अब हाँस्छ अमेरिका' कार्यक्रमको सफलता पछि 'अब नाच्छ अमेरिका' आयोजना गर्न लागेको हो । फ्लाई नेपाका सिइओ विनोद अधिकारीका अनुसार 'अब नाच्छ अमेरिका'मा गायिका शान्ति श्री परियार, रचना रिमाल र ज्योति मगरले दर्शक नचाउनेछन् ।

कार्यक्रममा मोडल करिष्मा ढकालको नृत्य प्रस्तुति रहनेछ । 'तीजको सम्झना बोकेर अमेरिकामा बसिरहनु भएका सम्पूर्ण नेपालीलाई गाउँघर सम्झाउने र रमाइलो गराउने हाम्रो उद्देश्य हो । यसले कुनै न कुनै रूपमा नेपाली गीत संगीतको प्रवर्द्धनमा पनि भूमिका खेल्ने विश्वास लिएको छु,' अधिकारीले भने । आयोजकका अनुसार अमेरिकाका न्युयोर्क, वासिङ्टन डिसी, ओहायो, कोलोराडो, बोस्टन, पेन्सेल्भेनिया, सिकागो र क्यालिफोर्नियामा कार्यक्रम तय भइसकेको छ । 'अब हाँस्छ अमेरिका' यसै वर्षको जनवरीदेखि फेब्रुअरीसम्म अमेरिकाका १४ राज्यमा सञ्चालन भएको थियो । यो कार्यक्रममा सन्दिप क्षेत्री, भरतमणि पौडेल, सुमन कार्की, कैलाश कार्कीलगायतका कमेडियनले दर्शक हँसाएका थिए ।

# चलचित्रको पर्दामा नयाँ कलाकारको आगमन



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्र निर्माणको संख्यात्मक वृद्धि, बढ्दो लगानी तथा राम्रो पारिश्रमिकका कारण यसक्षेत्रमा नयाँको उपस्थिति बढ्दो छ। कथ्य र निर्माण शैलीमा परिवर्तन आएसँगै नयाँपुस्ताको आगमन बढिरहेको छ । व्यावसायिक सुरक्षाका कारण प्राय:निर्देशकको रोजाइमा स्थापित अनुहारपर्ने देखिए पनि यस वर्षको सुरुआतसँगै केही आशलाग्दा नयाँ अनुहार कलाकारितालाई भविष्य बनाउने सपना देख्दै भित्रिएका छन् ।

बालविवाह र बोक्सी कुप्रथाको विषयमा बनेको चलचित्र 'बोक्सीको घर' देखिएकी बाल कलाकार सुपला सापकोटाको राम्रो चर्चा भयो । उनले निर्वाह गरेको 'जुनु'को भूमिका जीवन्त रहेको प्रतिक्रिया दर्शक र समीक्षकले दिए । चलचित्रमा अभिनय गर्दा उमेर नौ वर्षको रहेको बालकलाकार सापकोटाले बताए । 'मलाई रुनुपर्ने दृश्यमा केही असहज पनि भएको थियो । सानैदेखि बुबाको नाटक र उहाँको काम देखेको हुँदा पनि काम गर्न सहज भयो । फेरि मेरा लागि पर्दाका परिचित अनुहार हुनुहुन्थ्यो', उनले भने । उनको पिता कलाकार भोलाराज सापकोटा हुन् । उनले नेपाली र भारतीय चलचित्रमा अभिनय गर्नुका साथै नाटक निर्देशक गरिसकेका छन् । अभिनेता सापकोटाले छोरीको बारेमा राम्रो काम गरेको छायाङ्कनकै क्रममा सुनेका रहेछन् ।

'उहाँको कामको प्रशंसा सुनेको थिएँ । तर, चलचित्र हेरेपछि म आफैं दंग भए । मेरा लागि खुसीको क्षण हो', अभिनेता सापकोटाले भने । जेठको दोस्रो साता १० गते प्रदर्शन भएको चलचित्र 'फर्किफर्की'मार्फत रवि काफ्ले र समृद्धि अर्याल अभिनय यात्राको सुरुआत गरे । उनी दुवैको अभिनयलाई राम्रो प्रतिक्रिया प्राप्त भयो । यद्यपि यो वैशाख झैं जेठ २५ गते प्रदर्शन भएको 'गाउँ आएको बाटो' चलचित्रबाट अर्को बालकलाकार प्रसन राईले पहिलो पटक गरेको अभिनयले सबैको ध्यान तान्न सफल भयो । बालकलाकार राईलाई भोजपुरमै भएको अडिसनमार्फत निर्देशक नवीन सुब्बाले छनोट गरेका थिए ।

'हामीले चाहिने बालकलाकार स्थानीय लिँदा राम्रो हुन्छ भनेर केही विद्यालयमा अडिसन गरेर छनोट भएकाले प्रशिक्षण दिएका थियौं । ती मध्ये राम्रो गर्ने यी बालकलाकारको कामको तारिफ सबैले गरेका छन् । रंगमञ्चका प्रसिद्ध कलाकारसँग देखिएको आत्मविश्वासले उनलाई सफलतातर्फ आगाडि बढाउँछ', निर्देशक सुब्बाले भने । सोही मितिमा प्रदर्शन भएको चलचित्र 'लन्डन टू पेरिस'मार्फत दुई नयाँ अनुहार निश्चल खड्का र गरिमा शर्माले अभिनयको सुरुआत गरे । अभिनेता खड्काले सानैदेखि आफूले देखेको सपना पूरा भएको बताए ।

'मैले सानैदेखि पर्दामा देखिन गरेको मेहनत यसपटक सार्थक भयो । केही चलचित्रमा काम गर्न अडिसन पनि दिएँ, तर नयाँलाई पर्दासम्म आउन सहज छैन । यसपटक राम्रो निर्माण समूह भएकाले सपना पूरा गर्ने मौका पाएँ', अभिनेता खड्काले भने । उनले चलचित्रमा बेलायतमा बसोबास गर्ने नेपालीको भूमिका निर्वाह गरेका छन् । सोही चलचित्रमार्फत अभिनयको सुरुआत गरेकी अभिनेत्री शर्माले थुप्रै सांगीतिक श्रव्यदृश्य (म्युजिक भिडिओ) मा काम गरिसकेकी छन् । प्रवासी नेपालीको भूमिका सुहाउँदो भएकाले चलचित्रमा अभिनय गरेको उनले बताइन् । 'सही समय लागेर चलचित्रमा अभिनय गरेकी हुँ । मलाई चलचित्र निर्माणको प्राविधिक ज्ञानसमेत प्राप्त भएको छ । यो सुरुआत हो, आउँदा दिनमा अझै मेहनत गर्नेनै छु', अभिनेत्री शर्माले भनिन् ।

यस्तै, जेठको अन्तिम साता प्रदर्शन भएको चलचित्र 'बाटोः रोड टू डेथ'मार्फत उत्पल झा, सुष्मा थापा लगायतका कलाकारले पनि अभिनयको सुरुआत गरेका छन् । यही साता असार ७ गतेदेखि प्रदर्शन हुने चलचित्र 'दान्भी'मार्फत अभिनेत्री शर्मा झैं सांगीतिक श्रव्यदृश्य (म्युजिक भिडिओ) मा काम गरिसकेका कुन्साङ बोम्जन ठूलो पर्दामा आउँदै छन् । 'गम्भीर र देशलाई माया गर्ने किसिमको मान्छेको भूमिका निर्वाह गरेकी छु । यस पात्रले थोरै भए पनि देशमै केही गर्नुपर्छ भन्ने सन्देश युवालाई दिन्छ जस्तो लागेको छ । द्वन्द्वप्रधान चलचित्र भएकाले पनि म आकर्षित भएको हुँ', अभिनेता बोम्जनले भने ।

रंगशाला

# दिपेन्द्र टी–२० को अलराउन्डर वरीयताको छैटौं स्थानमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** क्रिकेटर दिपेन्द्र सिंह ऐरी पुरुष टी-२० मा अलराउण्डरको आइसीसी वरियतामा छैटौं स्थानमा उक्लिएका छन् ।

आइसीसीले हालै सार्बजनिक गरेको नयाँ वरियतामा दिपेन्द्रले तीन स्थानको सुधार गर्दै छैटौं स्थानमा उक्लिएका हुन् । दिपेन्द्रले हालै टी-२० विश्वकपमा राम्रो खेल प्रदर्शन गरेपछि उनको वरियतामा सुधार भएको हो ।



टी-२० को अलराउन्डर वरियताको शिर्ष स्थानमा अस्ट्रेलियाका मार्कस स्टोइनिस रहेका छन् । उनले अफगानिस्तानका मोहमद नावीलाई पछि पर्दै शिर्ष स्थानमा उक्लिएका हुन् । त्यस्तै दोस्रो स्थानमा बंगलादेशका शकिब अल हसन रहेका छन् । यस अघि चौथो स्थानमा रहेका शकिबले दुई स्थान सुधार गर्दै दोस्रो स्थानमा उक्लिएका हुन् ।

त्यस्तै यस अघि शिर्ष स्थानमा रहेका नावी भने चौथो स्थानमा झरेका छन् । त्यस्तै पाँचौं स्थानमा जिम्बाबेका सिकन्दर राजा रहेका छन् । दिपेन्द्र पछि भारतका हार्दिक पाण्डेय सातौं स्थानमा रहेका छन् ।

**गण्डकी प्रदेशस्तरीय क्रिकेट**

# कास्की र स्याङ्जा फाइनलमा भिड्ने

■ प्रभाव संवाददाता

**कास्की–** कास्की र स्याङ्जा कास्कीको पोखरामा जारी गण्डकी प्रदेशस्तरीय टी-२० पुरुष क्रिकेट प्रतियोगिताको फाइनलमा भिड्ने भएका छन् । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा समूह 'बी' को अन्तिम खेलमा नवलपुरलाई दुई विकेटले पराजित गर्दै स्याङ्जा फाइनलमा पुगेको हो । समूह चरणका तीनवटै खेल जितेको स्याङ्जाले ६ अङ्कसहित समूहको शीर्ष स्थानमा रहेर कास्कीसँगको फाइनल भेट पक्का गर्न सफल भयो ।

घरेलु टोली कास्की समूह 'ए' को विजेता बन्दै यसअघिनै फाइनल पुगिसकेको छ । प्रतियोगिताको फाइनल खेल बिहीबार हुने आयोजकले जनाएको छ । स्याङ्जासँगको खेलमा टस जितेर




सुरुआतमा ब्याटिङ रोजेको नवलपुरले १७ ओभरमा सीमित गरिएको खेलमा १५ दशमलव चार ओभरमा सबै विकेट गुमाएर ७५ रनमा समेटियो ।

नवलपुरका लागि रिजन काफ्लेले ४५ बलमा ३० रन, कमल परियारले २२ बलमा १८ तथा सुदिप अर्यालले १२ रनको योगदान दिए । बलिङतर्फ स्याङजा 'प्लेयर अफ दी म्याच'समेत रहेका सन्दिप खत्री क्षेत्रीले दुई तथा अङ्कित न्यौपानेले दुई विकेट लिए ।

खेलमा ७६ रनको लक्ष्य पछ्याएको स्याङजालाई जितका लागि अन्तिम ओभर कुर्नुपर्‍यो । स्याङजाले १६ ओभरको दोस्रो बलमा आठ विकेटको क्षतिमा ७९ रन बनायो ।

स्याङजाका लागि अनिष ताम्राकारले १५ बलमा दुई चौका र दुई छक्का प्रहार गर्दै २२ रनको योगदान दिए । त्यस्तै इश्वर क्षेत्रीले २९ बलमा २१ तथा प्रदिप पाण्डेले अविजित ११ रन बनाए ।

बलिङतर्फ नवलपुरका लागि कमल परियारले चार ओभरमा एक मेडन राख्दै १२ रन खर्चेर तीन विकेट लिए । दीपक डुम्रेले तीन ओभरमा एक मेडनसहित ६ रन दिएर दुई विकेट लिए । गण्डकी प्रदेश खेलकुद परिषद्को आयोजना तथा प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा गत जेठ ३२ गतेदेखि उक्त प्रतियोगिता सञ्चालन भएको हो । प्रतियोगिताको विजेताले रु एक लाख र उपविजेताले रु ५० हजार पाउनेछन् ।

प्रतियोगितामा आठ जिल्लाको सहभागिता रहेको छ । प्रतियोगिताबाट कर्णाली प्रदेशमा हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक टोली छनोट गरिने प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए ।

**सूर्य नेपाल प्रिमियर गल्फ**

# भुवन र दिनेश शीर्षस्थानमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२३-२४ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसीपको दोस्रो दिन भुवन नगरकोटी र दिनेश प्रजापति समग्रमा १०-अन्डर १ सय ३४ सहित संयुक्तरूपमा शीर्षस्थानमा रहेका छन् ।

उनीहरूले निरज तामाङ, सुबाश तामाङ र एमेच्योर सद्भाव आचार्यलाई ३ स्ट्रोकले पछि पारेका छन् । उमेशले ६-अन्डर ६६ को उत्कृष्ट स्कोर कार्ड बनाए । पहिलो दिनका लिडर दिनेशले ३-अन्डर ६९ मा दोस्रो दिनको खेल सकाए ।

समग्रमा ७-अन्डर १ सय ३७ को स्कोरमा निरज तामाङ, डिफेन्डिङ च्याम्पियन सुबाश तामाङ र एमेच्योर सद्भाव आचार्य संयुक्तरूपमा तेस्रो स्थानमा रहे । निरजले ६-अन्डर ६६ को उत्कृष्ट स्कोर दर्ज गर्दा सुबाश र सद्भावले ३-अन्डर ६९ मा दोस्रो दिनको खेल सकाए ।

समग्रमा ५-अन्डर १ सय ३९ सहित तोरण विक्रम शाही र एमेच्योर विजय श्रेष्ठ आइन्हाउस संयुक्तरूपमा छैटौं स्थानमा छन । विजयले आज २-अन्डर ७० र तोरणले १-ओभर ७३ मा खेल सकाए । यो स्कोरमा तोरण आज दोस्रो स्थानबाट छैटौं स्थानमा तल झरे । समग्रमा ४-अन्डर १ सय ४० को स्कोरमा जयराम श्रेष्ठ, सञ्जय लामा र एमेच्योर सुमन परियार संयुक्तरूपमा आठौं स्थानमा छन् । जयरामले ४-अन्डर ६८, सञ्जयले ३-अन्डर ६९ र सुमनले २-ओभर ७४ को स्कोर गरे ।

३६ होलको समाप्तीमा २१ प्रोफेसनल र ६ एमेच्योर गरी २७ गल्फरले कट बनाएका छन । प्रोतर्फ रमेश अधिकारी, धन बहादुर थापा, भुवन कुमार रोक्का, रवि खड्का, रामे मगर, बलभद्र राई, भुबहादुर गुरुङ, दल बहादुर लामा, टंक बहादुर कार्की, किशन कालीराज सुनार,




वसन्त राज गुरुङ, शिवराम पौडेल, सूर्य प्रसाद शर्मा र युवराज भुजेलले कट बनाए । एमेच्योरतर्फ सदभाव, विजय, सुमनसँगै तेन्जिङ पाल्देन, राहुल विश्वकर्मा र वाङचेन ढोन्डुपले अन्तिम दुई दिनको लागि स्थान बनाएका छन् ।

पहिलो दिन संयुक्तरूपमा तेस्रो स्थानमा रहेका भुवनले दिनेशसँग संयुक्तरूपमा शीर्षस्थानमा रहने क्रममा फ्रन्ट र ब्याक नाइन दुवै ३-अन्डर ३३ मा सकाए । दोस्रो होलको बोगीबाट सुरूवात गरेपनि तेस्रो, चौथो, सातौं र आठौं होलमा बर्डी प्रहार गरे । यसपछि ब्याक नाइनमा पनि चार वटा होलमा बर्डी प्रहार गरे । १०औं, १२औं, १४औं र १७औं होलमा एक-एक सट बचाए भने १५औं होलमा बोगी खेपे । उनले आज कुल ८ बर्डी प्रहार गरे ।

पहिलो दिनको लिडर दिनेशले फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाए । तेस्रो, पाँचौं, छैटौं र नवौं होलमा बर्डी प्रहार गरे भने दोस्रो र चौथो होलमा एक-एक सट खेर फाले । यसपछि १४औं होलको बोगी विरूद्ध ११औं र १२औं होलमा बर्डी प्रहार गर्दै ब्याक नाइन १-अन्डर ३५ मा सकाए ।

निरजले फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाए । पहिलो, तेस्रो र पाँचौं होलमा बर्डी प्रहार गर्दा आठौं होलमा एक सट खेर फाले । ब्याक नाइनमा भने निरजले १०औं देखि १२औं र १८औं होलमा गरी चार बर्डी प्रहार गरे । ब्याक नाइन ४-अन्डर ३२ मा सकाए ।

सुबाशले फ्रन्ट नाइन ३-अन्डर ३३ मा सकाउने क्रममा दोस्रो, तेस्रो, पाँचौं र नवौं होलमा बर्डी प्रहार गर्दा छैटौं होलमा एक सट खेर फाले । यसपछि ११औं होलको बोगी विरूद्ध १२औं होलको बर्डीले ब्याक नाइन इभन-पार ३६ मा सकाए । एमेच्योर सदभावले फ्रन्ट नाइन २-अन्डर ३४ मा पुरा गरे । दोस्रो र आठौं होलको बोगी विरूद्ध तेस्रो, पाँचौं, छैंटौं र सातौं होलमा एक-एक सट बचाए । ब्याक नाइन १-अन्डर ३५ मा पुरा गरे । ११औं होलमा बोगी प्रहार गरे भने १२औं र १३औं होलमा एक-एक सट बचाए ।

पुरस्कार राशीको आधारमा सिजनकै ठुलो प्रतियोगितामा कुल १५ लाख ५० हजार नगद पुरस्कार राशी रहेको छ । प्रतियोगिताको विजेताले २ लाख ७५ हजार नगद पुरस्कार प्राप्त गर्नेछ । दोस्रो र तेस्रो हुनेले क्रमश १ लाख ७५ हजार र १ लाख २२ हजार प्राप्त गर्नेछन । यस्तै चौथो र पाँचौ हुनेलाई १ लाख २ हजार र ८० हजार प्रदान गरिनेछ । सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसीपको प्रो-एम शनिबार हुनेछ । जहाँ २५ प्रो र १०० एमेच्योर गल्फरको सहभागीता रहनेछ ।



भारतको राजधानी नयाँदिल्लीमा तातो लहरका बीच नगरपालिकाको ट्यांकरमार्फत आपूर्ति गरिएको पानी थाप्न लागेको भीड । उत्तरी भारतमा तापक्रम उच्च भएसँगै बिजुलीको माग बढाउनुका साथै दिल्लीबासीले पानीको अभावसँग संघर्ष गरिरहेका छन् । *तस्बिरः एएफपी*

# अधिकारकर्मीको तत्काल रिहाइ गर्न चीनसँग अमेरिकाको माग

**वासिङ्टन डिसी–** संयुक्त राज्य अमेरिकाले स्वतन्त्र पत्रकार र महिला अधिकारकर्मी हुवाङ जुएकिन (सोफिया हुवाङ) साथै श्रम अधिकारकर्मी वाङ जियानबिङलाई अन्यायपूर्ण सजायको दिइएको भन्दै उनीहरूको तुरुन्त रिहा गर्न बेइजिङसँग आग्रह गरेको छ ।

'हामी चीनलाई हुवाङ र वाङका साथै आफ्नो मौलिक स्वतन्त्रताको प्रयोग गरेको आरोपमा अन्यायपूर्णरूपमा हिरासतमा राखिएका अन्य व्यक्तिलाई तुरुन्तै रिहा गर्न आग्रह गर्दछौं,' अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यू मिलरद्वारा हस्ताक्षरित एक विज्ञप्तिमा भनिएको छ । चिनियाँ प्रशासनले लामो समयसम्मको अनुसन्धान र परीक्षणपछि हुवाङलाई पाँच वर्ष तथा वाङलाई तीन वर्ष र छ महिनाको जेल सजाय सुनाएको हो ।

यसबाहेक, अमेरिकी विदेश विभागले चीनलाई अभिव्यक्ति र निष्पक्ष परीक्षणजस्ता स्वतन्त्रतासहित मानवअधिकारको सम्मान गर्ने आफ्नो वाचा कायम राख्न आग्रह गरेको छ । 'हामी जन गणतन्त्र चीनलाई आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न र अभिव्यक्ति स्वतन्त्रता र निष्पक्ष परीक्षणको सुनिश्चिततासहित मानवअधिकारको सम्मान गर्न आह्वान गर्दछौं । साथै मानवअधिकार रेकर्डको विश्वव्यापी आवधिक समीक्षाको क्रममा यस वर्ष गरिएका धेरै सिफारिसहरू स्वीकार गर्न पनि आग्रह गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

हुवाङले चीनको मिटु आन्दोलनको समयमा यौन उत्पीडनको रिपोर्ट गर्न पीडितहरूका लागि एक सामाजिक सञ्चार प्लेटफर्म सिर्जना गरेका थिए । उनले विश्वविद्यालय र कार्यस्थलहरूमा यौन उत्पीडन चिन्ताको विषय भएको सर्वेक्षणहरू साझा गरेको 'द भ्वाइस अफ अमेरिका'ले जनाएको छ । सन् २०१९ मा हङकङमा भएको विरोध प्रदर्शनमा सहभागी भएको आरोपमा उनलाई पक्राउ गरिएको थियो । भ्वाइस अफ अमेरिकाका अनुसार, वाङ सन् २०१४ देखि श्रमिकहरूको अधिकार र अपांगता भएका व्यक्तिहरूका लागि वकालत गर्दै आएका छन् । *रासस/एएनआई*

# थाइल्यान्डले समलिंगी विवाहलाई मान्यता दिने

**बैंकक (थाइल्यान्ड)–** थाइल्यान्डको सिनेटद्वारा विवाहसम्बन्धी समानता विधेयक पारित गरेपछि अब देश समलिंगी विवाहलाई मान्यता दिने दक्षिणपूर्वी एसियाको पहिलो राष्ट्र बन्ने अल जजिराले जनाएको छ । माथिल्लो सदनमा मंगलबार उपस्थित १५२ सदस्यमध्ये विधेयकको पक्षमा १३०, विपक्षमा चार र १८ अनुपस्थित भएसँगै विधेयक बहुमतका साथ पारित भएको हो ।

यो विधेयक अब औपचारिक स्वीकृतिका लागि राजा महा भाजिरालोंगकोर्नका समक्ष प्रस्तुत गरिने छ र शाही राजपत्रमा प्रकाशित भएको १२० दिनपछि लागू हुने अल जजिराले बताएको छ । ताइवान र नेपालपछि समलिंगी विवाहलाई अनुमति दिने कानुन लागू गर्ने थाइल्यान्ड तेस्रो एसियाली मुलुक हुने छ ।

समलिंगी अधिकारकर्मीहरूले थाइल्याण्डको यस कार्यको उच्च प्रशंसा गरेका छन् । विधेयकले पुरुष, महिला, पति र पत्नीलाई लैंगिक-तटस्थ शब्दमा पुनः नामाकरण गरेको छ र विवाहलाई दुई व्यक्तिहरू बीचको साझेदारीको रूपमा परिभाषित गरेको छ ।

थाइल्यान्डमा लेस्बियन, समलिंगी, उभयलिंगी वा ट्रान्सजेन्डर समुदायको जनसंख्या बढ्दो क्रममा रहे पनि अधिकारकर्मीले वर्षौंदेखि परम्परागत विश्वासका विरुद्ध लडिरहेका थिए । 'हामी इतिहास बनाउन पाउँदा निकै गर्व गर्छौं,' समलिंगी विवाहसम्बन्धी संसदीय समितिका सदस्य प्लाइफाह क्योका सोडलादले भने । *रासस/एएनआई*

# चीनले मौद्रिक नीति समायोजन गर्ने

**सांघाई–** चीनले मौद्रिक नीतिलाई समायोजनशील बनाई प्रतिचक्रीय र अन्तरकालीन समायोजनलाई बलियो बनाइने चिनियाँ केन्द्रीय बैंकका गभर्नरले बुधबार बताएका छन् । 'यस कदमले आर्थिक सुधारलाई सहज बनाई आर्थिक र सामाजिक विकासका लागि अनुकूल मौद्रिक र वित्तीय वातावरण सिर्जना गर्न मद्दत गर्ने छ,' पिपुल्स बैंक अफ चाइनाका गभर्नर पान गोंसेङले १५औं लुजियाजुई फोरममा भने ।

निरन्तर सुधार हुँदै जाँदा, चिनियाँ अर्थतन्त्रले अझै पनि केही चुनौतीहरूको सामना गरिरहेको छ । यसले घरेलु आर्थिक परिसंचरणमा अवरोध र बाह्य वातावरणको जटिलता, गम्भीरता र अनिश्चितता उल्लेखनीयरूपमा बढेको उनले बताए । *रासस/सिन्ह्वा*

# केन्यामा विदेशी शरणार्थीको भार बढ्दो

**काकुमा (केन्या)–** केन्याले २० भन्दा बढी देशहरूबाट अनुमानित सात लाख ७५ हजार शरणार्थीलाई आश्रय दिएको संयुक्त राष्ट्रसंघीय शरणार्थी निकाय (युएनएचसिआर) ले जनाएको छ ।

केन्याको काकुमामा रहेको संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त उपकार्यालयका प्रमुख नन्दुरी सतीशले जानकारी दिएअनुसार १० हजार शरणार्थीहरू सहरी क्षेत्रमा बसोबास गरिरहेका छन् । करिब ९० प्रतिशत शरणार्थी सोमालिया, दक्षिण सुडान, लोकतान्त्रिक गणतन्त्र कंगो, इथियोपिया र बुरुन्डीका रहेको उत्तरपूर्वी केन्याको काकुमा शरणार्थी शिविरमा सतीशले बताए ।

उत्तरपूर्वी केन्याको दादाब शरणार्थी शिविरमा तीन लाख ७५ हजार शरणार्थी रहेको बताउँदै उनले काकुमाको शरणार्थी शिविरमा दुई लाख ८८ हजार शरणार्थी रहेको जानकारी दिए । पाँच वर्षअघि शरणार्थीको संख्या छ लाख रहेको तर पूर्वी अफ्रिका क्षेत्रमा अस्थिरताका कारण यो संख्या बढ्दै गएको उनले उल्लेख गरे । खडेरी र अत्यधिक गर्मीजस्ता जलवायु परिवर्तनको प्रभावबाट बच्न शरणार्थीका लागि केन्या सुरक्षित गन्तव्य बनेको युएनएचसिआरका अधिकारीले बताए । रासस/सिन्ह्वा

# 'रुससले उत्तर कोरियाको समर्थनको कदर गर्दछ'



**मस्को–** उत्तर कोरियाको भ्रमणमा रूहनुभएका रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले समकक्षी नेता किम जोङ अनसँग भेटवार्ता गरेका छन् । उनले युक्रेन युद्धलगायतका रूसी नीतिहरूमा उत्तर कोरियाले जनाएको समर्थनको कदर गर्दै यसका लागि उत्तर कोरिया, त्यहाँका जनता र सरकारप्रति नेता पुटिनले धन्यवाद ज्ञापन गरेका रूसी सञ्चारमाध्यमले जनाएका छन् । 'युक्रेनी मुद्दासहित रूसी नीतिमा यहाँको व्यवस्थित र स्थायी समर्थनको हामी निकै कदर गर्छौं,' उत्तर कोरियाली नेतासँगको बैठकमा पुटिनले भने ।

प्योङयाङमा आयोजित समारोहपछि पुटिनले 'समानता र पारस्परिक चासोको सम्मानको सिद्धान्तमा आधारित' द्विपक्षीय सहयोगको घोषणा गरे । 'रूस र उत्तर कोरिया धेरै दशकदेखि बलियो मित्रता र घनिष्ठ छिमेकी सम्बन्धमा बाँधिएका छन्,' उनले भने । दुई देशका नेताहरूको बढ्दो घनिष्ठ सम्बन्धले सियोल र वासिङ्टनका लागि चिन्ता उत्पन्न गरेको छ । *रासस/एएफपी*

# भारतमा बाढीमा परी ३१ को मृत्यु



**नयाँदिल्ली–** भारतको उत्तरपूर्वी राज्य आसाममा चलिरहेको बाढीमा परी मृत्यु हुनेको संख्या ३१ पुगेको अधिकारीले बुधबार बताएका छन् । प्रहरीका अनुसार मंगलबार राति आसामको मुख्य सहर गुवाहाटीबाट करिब २८१ किलोमिटर दक्षिणपूर्वमा रहेको करिमगञ्ज जिल्लाको बदरपुर क्षेत्रमा वर्षापछि आएको पहिरोमा परी एक नाबालकसहित पाँच जनाको मृत्यु भएको छ ।

अधिकारीले पीडित महिला र उनका तीन छोरीको पहिचान गरिएको बताए । भग्नावशेषबाट तीन वर्षीय बालकको शव पनि निकालिएको छ । असम राज्य विपद् व्यवस्थापन प्राधिकरण (एएसडिएमए) ले बाढीका कारण १५ जिल्लाका एक लाख ६१ हजार २०९ व्यक्ति प्रभावित भएको जनाएको छ । सबैभन्दा बढी प्रभावित जिल्ला करिमगञ्जमा एक लाख ५२ हजार १३३ जना मानिस बाढीले प्रभावित भएका छन् । बाढीले प्रभावित जिल्लाहरूको एक हजार ३७८.६४ हेक्टर बाली उत्पादन क्षेत्रलाई पनि असर पारेको छ ।

हाल ४७० गाउँ पानीमा डुबेका एएसडिएमएले जनाएको छ । स्थानीय सरकारले प्रभावित क्षेत्रमा ४३ वटा राहत शिविर र वितरण केन्द्र खोलेको छ जसमध्ये अधिकांश करिमगञ्जमा स्थापना गरिएको छ । अधिकारीले राहत शिविरमा पाँच हजार ११४ जनालाई शरण दिँदै राहत कार्य जारी रहेको बताए । तटबन्ध, सडक र पुललगायत पूर्वाधारमा भएको क्षतिको परिमाणले प्रभावित जनसंख्यालाई सहायता प्रदान गर्न कठिनाइहरू बढाएको उनीहरूले बताए । गत महिना पश्चिम बंगाल र बंगलादेशको तटमा आएको चक्रवात रेमलपछि भारी वर्षाले गर्दा आसाम र मणिपुर राज्यमा क्षति पुगेको छ । *रासस/सिन्ह्वा*


## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOCIAL WELFARE CORPORATION

पुर्व स्वीकृति मिति २०८१/03/08 | LT. No. 306702 | चलानी नं. ६०२२१४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 1 | 3 | 240,100 | २,०२,८४० | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव**:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू**:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

Govt. Lic. No. 816/066/067

**IMPERIAL OVERSEAS PVT. LTD.**
Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4585530, 9818851067
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## साउदी/ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAQA IRON FOUNDRY FOR ENGINEERING PRODUCTS

पूर्व स्वीकृति मिति २०८१/03/08 | LT. No. 303088 | चलानी नं. ६०२२१४२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1900 | ६७,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : YAQEEN INTERNATIONAL

पूर्व स्वीकृति मिति २०८१/03/08 | LT. No. 306703 | चलानी नं. ६०२२१४२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 170 | ५८,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
श्रम इजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : S. J ABED & AL SULAIMI CATERING

पूर्व स्वीकृति मिति २०८१/03/05 | LT. No. 306715 | चलानी नं. ६०२२१४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 120 | ४१,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dishwasher | 10 | 0 | 120 | ४१,६१० | | | | | | | |
| 3 | Dry Cleaning Worker | 5 | 0 | 120 | ४१,६१० | | | | | | | |
| 4 | Vegetable And Fruit Processing Worker | 5 | 0 | 120 | ४१,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
श्रम इजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1-4975566, 4975567, 4975568
Fax: 977-1-4975566, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAISAL FAHD HUSSEIN AL-KARI TRANSPORT COMPANY IS A ONE-PERSON

पूर्व स्वीकृति मिति : २०८१/03/08 | LT. No. 306557 | चलानी नं.: ६०२२१४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १३ गते (27th June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला - | १४२२०० | १४१५०० | १८१५ |



**रोपाइँको चटारो** | काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका ५ खड्पुमा बुधबार खेतमा धान रोप्दै किसान। पानी परेसँगै किसानलाई धान रोप्न चटारो परेको छ।

*तस्बिर : पेमा लामा/रासस*

# ‘एनएचपिसी’ले बुझायो पश्चिम सेती र सेती नदी-६ को डिपिआर

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतीय कम्पनी एनएचपिसी लिमिटेडले पश्चिम सेती र सेती नदी-६ (एसआर-६) जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मस्यौदा लगानी बोर्डलाई बुझाएको छ।

एनएचपिसीले डिपिआरको मस्यौदा बुझाएको लगानी बोर्डका सहसचिव बाबुराज अधिकारीले जानकारी दिए। ‘परियोजनाको सर्वेक्षण अनुमतिपत्र पाएको कम्पनीले डिपिआरको मस्यौदा बुझाएको छ। यसमा लगानी बोर्डले आवश्यक अध्ययन प्रतिक्रिया (कमेन्ट) दिइसकेपछि त्यसलाई सम्बोधन गरेर अन्तिम डिपिआर तयार हुनेछ’, सहसचिव अधिकारीले भने। अन्तिम डिपिआर तयार भएपछि परियोजना विकास सम्झौता (पिडिए) प्रक्रिया अघि बढ्नेछ।

सात सय ५० मेगावाट क्षमताको पश्चिम सेती र चार सय ५० मेगावाट क्षमताको एसआर-६ आयोजनाको विस्तृत परियोजना अध्ययनका लागि सर्वेक्षण अनुमतिपत्र जारी गर्न २०७९ भदौ २ गते लगानी बोर्ड र एनएचपीसी लिमिटेडबीच सम्झौतापत्रमा हस्ताक्षर भइ विसं २०७९ कात्तिकमा सर्वेक्षण अनुमतिपत्र जारी भएको थियो। सर्वेक्षण अनुमति पाएको दुई वर्षभित्र डिपिआर तयार गरी लगानी बोर्डको कार्यालयमा पेस गर्नेगरी उक्त सम्झौता भएको थियो।



त्यसअघि, २०७९ जेठ २३ गते बसेको लगानी बोर्डको ५१औँ बैठकले यी दुई आयोजनाको विकास तथा लगानीको खाका तयार पार्ने जिम्मा भारतीय कम्पनी एनएचपिची लिमिटेडलाई दिने निर्णय गरेको थियो। त्यस्तै २०७९ साउन २३ गते बसेको लगानी बोर्डको ५२औँ बैठकले सर्वेक्षण लाइसेन्स जारी गर्ने समझदारीपत्र अनुमोदन गरेको थियो। परियोजनाको अन्तिम डिपिआरले समग्र सामाजिक, आर्थिक, भौगर्भिक, प्राविधिक एवं वातावरणीय पक्षबारे जानकारी दिनेछ। त्यस्तै परियोजनाको अनुमानित लागत, आयोजना निर्माण सुरु तथा सम्पन्न हुने समय र कार्ययोजना, बजार सुनिश्चितता, प्रसारणलाइन निर्माण, वित्तीय स्रोतको उपलब्धतालगायतका विषयमा पनि डिपिआरले मार्गदर्शन गर्नेछ। डिपिआरको विश्लेषणपछि परियोजना अगाडि बढाउन चाहेमा पिडीए हुनेछ।

यसअघिको अध्ययनअनुसार सात सय ५० मेगावाट क्षमताको पश्चिम सेती आयोजनाको लागत एक हजार तीन सय २० मिलियन अमेरिकी डलर र चार सय ५० मेगावाट उत्पादन क्षमताको एसआर-६ आयोजनाको लागत आठ सय मिलियन अमेरिकी डलर बराबर अनुमान गरिएको थियो।

# नेप्सेमा सामान्य वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको सुधार देखिएको छ। बुधबार नेप्से परिसूचक दुई दशमलव २७ अङ्कले बढेर दुई हजार ७८ दशमलव ७६ को बिन्दुमा कायम भएको हो।

तीन सय आठ कम्पनीको ७२ लाख नौ हजार सात सय ५७ कित्ता सेयर ४८ हजार सात सय ६ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ४० करोड ४३ लाख ७२ हजार ६ सय ३२ बराबरको कारोबार भएको छ। कारोबारमा बैंकिङ शून्य दशमलव १४, वित्त दुई दशमलव ६२, जलविद्युत् शून्य दशमलव ३२, लघुवित्त शून्य दशमलव १४, निर्जीवन बीमा समूह शून्य दशमलव १७ र अन्य समूहको उपसूचक शून्य दशमलव १६ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ।

विकास बैंक समूह शून्य दशमलव १२, होटल तथा पर्यटन शून्य दशमलव ३६, लगानी शून्य दशमलव १८, जीवन बीमा शून्य दशमलव १३, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ४३, म्युचुअल फन्ड शून्य दशमलव ०७ र व्यापार समूह एक दशमलव ३२ प्रतिशतले घटेको छ।

नेपाल फाइनान्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य नौ दशमलव ८८ प्रतिशतले घटेको छ। कारोबार रकम र कारोबार भएका सेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु २० करोड २३ लाख ३८ हजार एक सय ४० बराबरको दुई लाख ८५ हजार ४० कित्ता सेयर किनबेच भएको छ।

# मेची भन्सारद्वारा १२ अर्ब ९३ करोड बढी राजस्व संकलन

**भद्रपुर (प्रस)–** मेची भन्सार कार्यालय काँकडभिट्टाले चालु आर्थिक वर्षको ११ महिनामा १२ अर्ब ९३ करोड १७ लाख ३७ हजार राजस्व सङ्कलन गरेको छ। भन्सार कार्यालयले चालु आब सकिन एक महिना बाँकी हुँदा लक्ष्यको ७७ दशमलव ५७ प्रतिशत राजस्व सङ्कलन गरेको हो। मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी गणपति कँडेलका अनुसार चालु आवको ११ महिनामा गत आवको सोही अवधिको तुलनामा आयात तीन दशमलव ६१ प्रतिशतले घट्दा निर्यात भने १० दशमलव ७६ प्रतिशतले वृद्धि भएको छ। उनका अनुसार काँकडभिट्टा भन्सारबाट ४० अर्ब ७९ करोड ६१ लाख ७२ हजारको मालवस्तु आयात हुँदा २२ अर्ब २१ करोड ९० लाख १० हजारको मालवस्तु निर्यात भएको छ।

चालु आवको जेठसम्म गत आवको तुलनामा निर्याततर्फ छुर्पी ६५ दशमलव २९ प्रतिशत, प्लाउड ५६ दशमलव ३३ प्रतिशत, अदुवा ३५ दशमलव ४५ प्रतिशत, अम्रिसो ३१ दशमलव ३४ प्रतिशत र भेनियस सिट १२ दशमलव ५७ प्रतिशतले वृद्धि भएको सूचना अधिकारी कँडेलले जानकारी दिए। अलैंची दुई दशमलव ६१ प्रतिशत र चिया १३ दशमलव ४२ प्रतिशतले निर्यात घटेको उनले बताए।

## कर्पोरेट

# सिटिजन्स बैंकको नयाँ शाखा धादिङको गजुरी र धार्केमा



**काठमाडौं (प्रस) –** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले शाखा विस्तार गर्ने क्रममा आफ्नो १९१औं र १९२औं शाखा धादिङको गजुरी र धार्केमा संचालनमा ल्याएको छ। यससंगै वाग्मती प्रदेशमा संचालनमा रहेका शाखाहरू ५४ पुगेका छन्। गजुरी र धार्केमा आयोजित एक कार्यक्रमका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले नयाँ शाखाहरूको शुभारम्भ गरे।

कार्यक्रमलाई संवोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले ग्राहकहरूलाई उत्कृष्ट सेवा सुबिधा पुर्‍याउने क्रममा हामी धादिङ बासीहरूको सेवामा आइपुगेको र आगामी दिनमा सुशासनलाई ध्यानमा राख्दै अझ उच्चस्तरीय ग्राहक सेवामा समर्पित रहने कुरा व्यक्त गरे। उक्त शाखाहरूको उद्घघाटन समारोहमा स्थानीय निकायका प्रतिनिधिहरू, उद्योगी, व्यापारी, विभिन्न संघ संस्थाका प्रमुख तथा नागरिक समाजका अगुवाहरूको उपस्थिति रहेको थियो। सुविधा सम्पन्न यी शाखाहरू मार्फत ग्राहकहरूको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंग सेवा प्रदान गर्नुका साथै साना तथा कर्पोरट व्यवसायीहरू माझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य बैंकले राखेको छ।

साथै बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत गजुरी ०१, आधामारा धादिङमा अवस्थित पत्तालिनी आधारभूत विद्यालयलाई कम्प्युटर सेट र प्रिन्टर उपलब्ध गराएको छ। विद्यालयमा आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले सहयोग स्वरूप कम्प्युटर सेट र प्रिन्टर गरेका हुन्  सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९२ वटा शाखा, १५५ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिंग ईकाईहरूबाट १७ लाख ५० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिंग सेवाहरू प्रदान गर्दै आएको छ। हाल ५६ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ५ शाखाहरू विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

# कुमारी बैंक र पशुपति रिक्रियसनबीच सम्झौता

**काठमाडौं (प्रस) –** कुमारी बैंक लिमिटेड र पशुपति रिक्रियसिन प्रालिबीच सम्झौता भएको छ। उक्त सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहकलाई मनोरञ्जनात्मक पार्क उप्स नेपालको गेम कार्ड रिचार्ज गर्दा बोनस प्रदान गर्ने सम्झौता भएको छ।

यस सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरूले ओप्स्मा उपलब्ध आर्केड, रिडेम्सन, भर्चुअल




रियालिटी, सुटिंग, रेसिंग, जिपलाईन, क्लाइम्बिंगलगायत इन्डोर र आउटडोर खेलहरू खेल्न कुमारी बैंकको डेबिट/क्रेडिट कार्ड अथवा क्यूआरद्वारा रिर्चाज गर्दा १० प्रतिशत बोनस रिचार्ज प्राप्त गर्न सकिनेछ। यस सुविधाबाट ग्राहक महानुभावहरूले सहज र गुणस्तरिय सेवा प्राप्त गर्नुका साथै अझ धेरै मनोरञ्जन प्राप्त गर्न सफल भई ग्राहक सन्तुष्टि बढाउन मद्दत गर्नेमा बैंक विश्वस्त रहेको छ। विगत २२ वर्ष देखि निरन्तर बैंकिंग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ४९ विस्तारित काउन्टर तथा ५९ शाखा रहित बैंकिंग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ।


# पूर्वाधार विकास कार्यालय

भद्रपुर, झापा

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुंगे पुल जस्ता भौतिक संरचनाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले धेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं । सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अवरुद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं । सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुंगा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं । सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं । सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो । दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार । आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


**प्रभाव पब्लिकेसन पा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ